# पोखरा २१०० तथा
# आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२)




## पोखरा महानगरपालिका

न्यूरोड, पोखरा- ८, कास्की


गण्डकी प्रदेश

फोनः +९७७ ६१ ५२११०५, ५२५३४०, फ्याक्सः +९७७ ०६१ ५२०६००

इमेलः info@pokharamun.gov.np

वेवसाइटः pokharamun.gov.np

# पोखरा महानगरपालिका



# पोखरा २१०० तथा
# आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२)
# २०७७

प्रकाशक

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा- ८, कास्की

गण्डकी प्रदेश

फोन: +९७७ ६१ ५२११०५, ५२५३४०, ५२११०४, फ्याक्स: +९७७ ०६१ ५२०६००

इमेल: info@pokharamun.gov.np, वेबसाइट: pokharamun.gov.np

लेआउट: रियल डिजाइन, पोखरा

मुद्रण : शुभकामना अफ्सेट प्रेस, पोखरा

मुख्य मन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल
सम्पर्क नं.०६१-४६७८५१

# शुभकामना



पोखरा महानगरपालिकाले २३ वर्षे दीर्घकालीन सोच सहितको **"पोखरा २१०० तथा आवधिक रणनीतिक योजना (२०७७-०८२)"** निर्माण गरी प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ। नेपालमा संघीय राज्य संरचनाको स्थापनापछि संघसँगै ७ प्रदेश र ७५३ स्थानीय तह समृद्धि र विकास निर्माणमा सक्रिय छन्। संघियताको मर्म र अभिप्राय बमोजिम जनताका पिर-मर्का र अप्ठ्याराहरुलाई उनीहरुको घरदैलो नजिकै बसी समाधान गर्ने जिम्मेवारी यिनीहरुको काँधमा आएको छ। यो कार्यमा प्रदेश सरकारले स्थानीय तहलाई सहयोग पुऱ्याउँदै आएको छ। प्रदेश सरकारसँग निरन्तर सम्पर्क र समन्वयमा रही जनताको चाहना अनुरुप समृद्धि र विकास निर्माणको नेतृत्व गर्ने अवसर स्थानीय तहलाई प्राप्त भएको छ।

नेपालको संघीयता अन्य मुलुकको जस्तो प्रतिस्पर्धात्मक नभई सहकारिता सह-अस्तित्व र समन्वयमा आधारित भएकोले एक तहको सरकारले अर्को तहको सरकारलाई समपुरक र परीपुरक हुने गरी दीर्घकालिन रणनीति तथा आवधिक योजन निर्माण गरी तिनको कार्यान्वयनमा पारस्परिक सहयोग समन्वय र सहकार्य हुन आवश्यक छ। यसै परिप्रेक्ष्यमा पोखरा महानगरपालिकाले निर्माण गरेको यस २३ वर्षे दीर्घकालीन सोच सहितको **"पोखरा २१०० तथा आवधिक रणनीतिक योजना (२०७७-०८२)"**ले आगामी २३ वर्षसम्म नगरको विकासलाई दिशानिर्देश गरी समृद्ध प्रदेश निर्माणमा सहयोगी हुने अपेक्षा गरेको छु।

यस दीर्घकालिन सोंच तथा रणनीतिक कार्ययोजनाको सफल एवं दिगो कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दै यसमा प्रदेश सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

२०७७ असार

पृथ्वीसुब्बा गुरुङ्ग
मुख्यमन्त्री

# पोखरा महानगरपालिका

**न्यूरोड, पोखरा– ८, कास्की**

**गण्डकी प्रदेश**

फोनः +९७७ ६१ ५२११०५

फ्याक्सः +९७७ ०६१ ५२०६००


## मन्तव्य



मुलुकको संघीय प्रणाली अनुसार पुनःसंरचना भए पश्चात् पोखरा भूगोलका हिसावले सबैभन्दा ठूलो महानगरपालिका भएको छ। गण्डकी प्रदेशको स्थायी राजधानी समेत रहेको यो महानगरलाई आफ्नो मौलिक सुन्दरता र पहिचानलाई कायम राख्दै बदलिंदो परिवेशमा योजनाबद्ध ढंगले एक सुसम्पन्न र सुरक्षित सहरको रुपमा विकास गर्ने अवसर प्राप्त भएको म ठान्दछु। नेपालको संविधान २०७२ ले नगरपालिकाहरुलाई जनताको घरदैलोको सरकारका रुपमा परिकल्पना गरी आफ्नो भूगोल र परिवेश अनुकुलको विकास ढाँचा अवलम्बन गर्ने र सोही अनुरुप नीति, योजना र रणनीतिहरु तर्जुमा गरेर कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको सर्वविदितै छ।

हुनत पोखरामा पहिला पनि योजनावद्ध विकासका प्रयास नभएका होइनन् । वि.सं. २०१६ सालदेखि नै योजना, गुरुयोजना र रणनीतिहरु बनेकै हुन्, तथापी तीव्र शहरीकरणबाट सृजित आर्थिक सामाजिक जटिलता र राजनीतिक गतिशीलताका कारण तिनको कार्यान्वयन फितलो हुँदा अपेक्षित उपलब्धिहरु हासिल हुन सकेनन् । तर, सधै अरुलाई दोष लगाएर जिम्मेवारी र उत्तरदायित्व वहन नगर्ने परम्पराको भने अन्त्य हुनै पर्छ। लामो समयको अन्तरालपछि नयाँ शासकीय प्रणालीमा जननिर्वाचित पदाधिकारीसामु ठूलो क्षेत्रफल र अपार स्रोत–साधन सहितको महानगरलाई नगरवासीको समुन्नत भविष्यको मार्ग तय गर्ने सुवर्ण अवसर प्राप्त भएको छ। यद्यपि पोखरालाई उत्कृष्ट वासस्थानका साथै उत्तम कार्यस्थल र लगानीमैत्री नगर बनाई नगरवासीहरूलाई सुरक्षित वातावरण, कुशल सेवा र समुन्नत आर्थिक अवसर प्रदान गर्ने कार्य भने कम चुनौतीपूर्ण छैन।

संविधानप्रदत्त अधिकार र उपलब्ध स्रोत–साधनको उच्चतम सदुपयोग गर्दै पोखरा महानगरपालिकालाई अबको २५ वर्षमा संसारकै उत्कृष्टमध्येको बसोबासस्थलका साथै आन्तरिक र बाह्य पर्यटकको आकर्षणको केन्द्रका रुपमा समेत विकास भएको हेर्ने पोखरावासीको उत्कट चाहना रहेको मेरो बुझाइ। उक्त चाहना पूरा गर्नका निम्ति आवश्यक आधारशिला तयार गर्न अहिलेको जननिर्वाचित सरकार कटिबद्ध छ। त्यसैका लागि योगदान गर्ने दृढ संकल्प सहित महानगरको दीर्घकालीन सोच (Long-term Vision) निर्धारण गरी सोहीअनुरुप योजना र कार्ययोजना निर्माण गरेर विकासलाई मार्गदर्शन गर्ने हेतुले यो "पोखरा २१०० तथा रणनीतिक योजना २०७७–८२" तर्जुमा गरी कार्यान्वयन गर्न उत्प्रेरणा मिलेको हो। यसको सफल कार्यान्वयन अब हामी सबैको दायित्व बनेको छ।

यो दीर्घकालीन सोच तथा रणनीतिक योजना तर्जुमाको चरणमा सहयोग गर्ने वडाध्यक्षज्यूहरु, जनप्रतिनिधि र स्थानीय सामुदायिक संस्थाका साथै सुदृढ परियोजना, क्षेत्रगत विषय विज्ञ, निजी क्षेत्रका साथीहरू तथा महानगरका कर्मचारीहरु सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०७७ असार

**मान बहादुर जि.सी.**
प्रमुख


इमेलः info@pokharamun.gov.np वेवसाइटः pokharamun.gov.np


"नतिजामुखी प्रशासनः सम्बृद्धि र सुशासन"

# पोखरा महानगरपालिका

## न्यूरोड, पोखरा– ८, कास्की

## गण्डकी प्रदेश

फोनः +९७७ ६१ ५२११०५

फ्याक्सः +९७७ ०६१ ५२०६००


# दुई शब्द



देश एकात्मक राज्य ब्यवस्थाबाट संघीय प्रणालीमा प्रवेश गरेको छ । संघीय ब्यवस्थामा प्रवेश गरेसंगै देशमा तीन तहका सरकार गठन भएका छन् । नेपाली जनताको भावना र चाहना अनुसार देशमा स्थायी सरकार स्थापना भएको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएसंगै जनप्रतिनिधि निर्वाचित भयौ । संविधानको कार्यान्वयन र संघीय सरकारले तय गरेको "समृद्ध नेपाल सुखी नेपाली"को सपनालाई साकार बनाउन स्थानीय सरकार लगायत सबैको भुमिका महत्वपूर्ण छ । राष्ट्रिय आवश्यकता, नागरिकको चाहना अनुरुप दीर्घकालिन योजना र लक्ष्य निर्धारण गरेर अगाडि बढ्नु आजको आवश्यकता हो । गण्डकी प्रदेशको राजधानी र पर्यटकीय शहर पोखरा महानगरपालिकाले पनि आफ्ना विकास निर्माणका कार्यलाई ब्यवस्थित एवं योजनाबद्ध रुपमा अगाडि बढाउन दीर्घकालिन योजना बनाएको छ । नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकाले जनचाहनालाई मध्यनजर राख्दै ब्यवस्थित, सुविधा सम्पन्न महानगर बनाउन मार्ग दर्शन गर्ने उद्देश्यले २५ वर्षे अथवा वि.सं. २१०० सम्ममा सम्पन्न हुने विकास निर्माणलाई "**पोखरा २१०० तथा रणनीतिक** २०७७–८२" तर्जुमा गरी कार्यान्वयन गर्न महानगर जुटेको छ ।

महानगरबासीको द्रुत बिकासको चाहनालाई सम्बोधन गर्ने कार्य चुनौतीपूर्ण छ । तर हामी नागरिकले दिएको जिम्मेवारीलाई इमान्दारीतापूर्वक पुरा गर्न प्रतिबद्ध छौ । पोखरालाई नेपालकै उत्कृष्ट महानगर बनाउने सपनालाई मूर्तरुप दिन र महानगरको विकास र समृद्धिको यात्रालाई गति दिन यो दीर्घकालिन सोच तथा रणनीतिक योजना (Long–term Vision and Strategic Plan) को प्रतिवेदन तयार गरिएको छ । पोखरा महानगरका विकासका प्राथमिकताहरु निर्धारण गर्नमा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीको अध्यक्षतामा गठित निर्देशक समितिको मार्गदर्शन अनुरुप यस प्रक्रियालाई सहजीकरण गर्न नीजि क्षेत्रका प्रतिनिधिको सहभागीतामा गठित कार्यदलका सदस्यहरु सहित विषय विज्ञ र यो प्रतिवेदन तयार गर्न सहयोग गर्ने नेपाल सरकार शहरी विकास मन्त्रालय अर्न्तगत सञ्चालित सुदुढ परियोजना लगायत सहभागी सम्पूर्णलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

भनिन्छ, हजार माइलको यात्रा एक पाइलाबाटै सुरु हुन्छ । तसर्थ "पोखरा २१००" अबको २३ वर्षसम्म पोखरा महानगरले तय गर्ने योजनाबद्ध विकास प्रक्रियाको पहिलो खुडकिलो बन्ने छ । यस दस्ताबेजमा समाविष्ट सिद्धान्त, नीति, रणनीति र कार्यनीतिले पोखरा महानगरपालिकाको आवधिक योजना तर्जुमा गर्न तथा दिगो र समावेशी आर्थिक विकास हासिल गर्नमा महत्वपूर्ण योगदान गर्नेमा म विश्वस्त छु । अतः यसको कार्यान्वयनमा सबैको सकरात्मक सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असार

मञ्जुदेवी गुरुङ
उपप्रमुख

# विषयसूची


१. **परिचय** २
१.१. पृष्ठभूमि २
१.२. उद्देश्य ३
१.३. दीर्घकालीन सोच तर्जुमा विधि ३
१.४. दीर्घकालीन सोच तर्जुमाका सीमा ५
२. **पोखरा महानगरपालिकाको संक्षिप्त परिचय** ६
२.१. वर्तमान अवस्था विश्लेषण ९
२.१.१. सडक तथा यातायात ९
२.१.२. खानेपानी तथा सरसफाई १०
२.१.३. फोहोरमैला व्यवस्थापन १३
२.१.४. विद्युत र सूचना तथा सञ्चार १३
२.१.५. आवास १३
२.१.६. सिंचाई १४
२.१.७. वातावरण व्यवस्थापन १४
२.१.८. शहरीकरण १५
२.२. पोखरा महानगरपालिकामा योजनावद्ध विकास अभ्यास १६
२.२.१. पोखराको भौतिक विकास योजना, वि. सं. २०३१ १६
२.२.२. फेवाताल वातावरण संरक्षण अध्ययन, वि. सं. २०५८ १७
२.२.३. पोखरा उपत्यका गुरुयोजना, वि. सं. २०७१ १७
२.२.४. पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन गन्तव्य विकास योजना, वि. सं. २०७३ १८
२.२.५. शहरी शासन तथा पूर्वाधार सुधार परियोजना (UGIIP-II), पश्चिम क्षेत्र, विं सं. २०७४ १९
२.२.६. पोखरा उपत्यका एकीकृत ताल व्यवस्थापन योजना, वि. सं. २०७५ १९
२.२.७. पोखरा-दमौली मेगासिटी परियोजना,वि. सं. २०७५ २०
३. **पोखरा महानगरपालिकाको दीर्घकालीन सोच** २१
३.१. परिभाषा २१
३.२. निर्देशक सिद्धान्त २२
३.३. समष्टिगत लक्ष्य तथा उद्देश्य २३
३.४. विषयगत लक्ष्य, उद्देश्य तथा रणनीति २४
३.४.१. आर्थिक विकास २४
३.४.२. पूर्वाधार तथा शहरी विकास २७
३.४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन २९
३.४.४. सामाजिक विकास ३२
३.४.५. सुशासन ३३
४. **आवधिक रणनीतिक कार्ययोजना** (२०७७–८२) ३६
४.१. आर्थिक विकास ३६
४.२. पूर्वाधार तथा शहरी विकास ३९
४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ४२
४.४. सामाजिक विकास ४५
४.५. संस्थागत विकास तथा सुशासन ४८
५. **प्रस्तावित आर्थिक उत्थानशीलता कार्यक्रम/आयोजनाहरु** ५०
६. **आगामी कार्यदिशा** ५२

# १. परिचय

## १.१. पृष्ठभूमि

संघीय संरचना अन्तर्गत राज्यको पुनर्संरचनापश्चात् पोखरा महानगरपालिका भुगोलका हिसावले नेपालको सबैभन्दा ठूलो महानगरपालिकाको रुपमा स्थापित हुनुका साथै गण्डकी प्रदेशको स्थायी राजधानी पनि भएको छ। साविकको पोखरा उपमहानगरपालिकामा साविकको लेखनाथ नगरपालिका र वरिपरिका केही गाउँपालिकासमेत गाभिएर यो महानगरपालिका बनेको हो। यसले पोखरालाई आफ्नो मौलिक सुन्दरता र पहिचानलाई कायम राख्दै बदलिंदो परिवेशमा योजनावद्ध ढंगले एक सुसम्पन्न र सुरक्षित सहरको रुपमा विकास गर्ने अवसर प्राप्त भएको छ। नेपालको नयाँ संविधान २०७२ ले नगरपालिकाहरुलाई आफ्नो भूगोल र परिवेश सुहाउँदो विकास मोडल अवलम्बन गर्न र सोही अनुरुप नीति योजना र रणनीतिहरु निर्माण गरेर कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ।

पोखरामा पहिला पनि योजनावद्ध विकासको प्रयास नभएको भने होइन। यद्यपी द्रुत गतिमा अव्यवस्थित रुपमा विस्तार भएको शहरीकरणबाट सिर्जित आर्थिक, सामाजिक जटिलता र छिटो छिटो व्यवस्था परिवर्तनसँगै बढेको राजनीतिक गतिशीलताका कारण अपेक्षित उपलब्धिहरु हासिल हुन सकेनन्। नयाँ परिस्थितिमा ठूलो क्षेत्रफल र भौगोलिक विविधता (न्यूनतम ८२७ मिटरदेखि अधिकतम १७४० मिटरको उचाइमा फैलिएको) सहित निर्माण भएको महानगरपालिकाले यसका बासिन्दालाई सदियौंदेखि कायम सांस्कृतिक तथा सामाजिक सहिष्णुतालाई थप समावेशी एवम् दिगो बनाउँदै समुन्नत भविष्यको मार्ग तय गर्ने सुवर्ण अवसर प्रदान गरेको छ। पहिलेदेखि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको आकर्षण रहेकोपोखरामा निकट भविष्यमा सञ्चालनको तयारीमा रहेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले यसको विकासको सम्भावनालाई झनै प्रबल बनाएको छ। यद्यपि, तीव्र रुपमा भइरहेको आन्तरिक बसाइसराई (आप्रवासन), वातावरणीय क्षयीकरण, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका साथै मानव सिर्जित विपद् जोखिमका दृष्टिले पोखरालाई उत्कृष्ट बासस्थानका साथै उत्तम कार्यस्थल र लगानीमैत्री बनाई नगरबासीलाई सुरक्षित वातावरण, कुशल सेवा र समुन्नत आर्थिक अवसर प्रदान गर्ने कार्य भने कम चुनौतीपूर्ण छैन।

लामो समयपछि नयाँ पहिचान र निर्वाचित जनप्रतिनिधि प्राप्त गरेको पोखराले संविधान प्रदत्त अधिकार र प्राकृतिक अवसर सदुपयोग गर्दै महानगरलाई अबको २५ वर्षमा मानव जातिका लागि एक उत्कृष्ट बसोबास स्थल, कार्यस्थल र लगानीको आकर्षक गन्तव्यका रुपमा विकास भएको देख्न चाहेको छ। बदलिएको राजनीतिक व्यवस्थामा प्रथम पटक निर्वाचित सरकारको नेतृत्व आम पोखराबासीको उत्कट चाहना र त्यसका लागि योगदान गर्ने दृढसंकल्प अनुरुप महानगरको दीर्घकालीन सोच (Long-term Vision) निर्धारण गरेर सोही अनुरुप आगामी वर्षहरुमा हुने विकास, निर्माणलाई मार्गदर्शन गर्ने हेतुले यो "पोखरा २१०० तथा रणनीतिक योजना २०७७–८२" तर्जुमा गरी कार्यान्वयन गर्न अग्रसर भएको हो। यस क्रममा पोखरा महानगरपालिकाका प्रमुखको अध्यक्षतामा गठित निर्देशक समितिले निजी क्षेत्रका प्रतिनिधिसमेत समावेश गरी गठन गरेको सुझाव संकलन कार्यदलको समन्वयमा नेपाल सरकारशहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालित **सुदृढ–नेपाल शहरी उत्थानशीलता परियोजना (NURP)**को प्राविधिक टोलीले विभिन्न चरणमा विषयविज्ञ र सरोकारवालाहरूसँग छलफल, परामर्श तथा कार्यशाला गरी संकलित राय, सुझाव र वस्तुगत विश्लेषणका आधारमा यो दीर्घकालीन सोच तथा रणनीतिक योजना (Long Term Vision and Strategic Plan) को प्रतिवेदन तयार गरिएको छ।

## १.२. उद्देश्य

आम नागरिकको आर्थिक प्रगति र सामाजिक रुपान्तरणको आकांक्षा समेटेर आगामी २० देखि २५ वर्षमा आफ्नो नगरलाई कस्तो बनाउने भनेर सरल र स्पष्ट भाषामा सबैले अपनत्व बोध गर्ने गरि एक आदर्शतम् अवस्थाको प्रतिबिम्ब दीर्घकालीन सोचमा झल्किन्छ। पोखरामा भएको विगतको विकास निर्माणको प्रवृति र भविष्यको सम्भावना विश्लेषण गरी आगामी विकास प्रयासलाई दिशानिर्देश गर्नु र आगामी दिनमा महानगरको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउनु "**पोखरा २१००**" को प्रमुख ध्येय हो । यस दीर्घकालीन सोचको अवधारणापत्र तर्जुमा गर्नुका मुख्य उद्देश्य यस प्रकार छन् :


- महानगरको विकास प्रयासलाई आगामी २५ वर्षमा कुन दिशातर्फ डोऱ्याउने भन्ने निर्धारण गर्न ।
- महानगरको विकासमा खास योगदान पुऱ्याउने अग्रणी क्षेत्रहरु पहिचान गरि नगरको आर्थिक विकासलाई थप उत्थानशील, दिगो र समावेशी बनाउन ।
- महानगरको आवधिक योजना, क्षेत्रगत रणनीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि मार्गनिर्देशक सिद्धान्तहरु निर्धारण गर्न ।

## १.३. दीर्घकालीन सोच तर्जुमा विधि

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच "पोखरा २१००" को अवधारणापत्र तर्जुमा गर्न नवीनतम वैज्ञानिक तथा समावेशी सहभागितामूलक विधि अवलम्बन गरिएको छ । सुदृढ परियोजनाको प्राविधिक टोली, क्षेत्रगत विज्ञ र पोखरा महानगरपालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहमतिमा तयार पारिएको ५ चरणको कार्यविधियस अवधारणापत्र तर्जुमाको प्रमुख आधार हो। उक्त कार्यविधिलाई २०७६ माघ १३ मा महानगरका वडाअध्यक्षहरु र निजी तथा सामाजिक क्षेत्रका सरोकारवालाहरु समेत उपस्थितिमा आयोजित अभिमुखीकरण कार्यशाला गोष्ठीमा प्रस्तुत गरी पारित गरिएको छ। सोही कार्यशालाको निर्णय अनुरुप दीर्घकालीन सोच तर्जुमाको समग्र प्रक्रियालाई मार्गदर्शन र प्रदेश सरकार लगायत अन्य सरकारी निकायसँग उच्चस्तरीय समन्वयका लागि नगर प्रमुख श्री मानबहादुर जिसीको अध्यक्षतामा निर्देशक समिति गठन गरिएको थियो। त्यसैगरी, वडास्तरमा अन्तर्क्रिया तथा छलफल गरी राय सुझाव संकलन गर्न र अन्य सरोकारवालाका साथै विषय विज्ञहरुसँग समन्वय गरी सुदृढ परियोजनाको प्राविधिक टोलीलाई सहयोग गर्न नगर प्रमुखले एक जना वडा अध्यक्षको संयोजकत्वमा एक कार्यदल गठन गरी परिचालन गरिएको थियो। सो कार्यदलमा २ जना निर्वाचित महिला (नगरसभा सदस्य), ३ जना विभिन्न विषय विज्ञ र ४ जना निजी क्षेत्र/नागरिक समाजका प्रतिनिधिहरू सदस्य रहेका थिए।

भिजन, रणनीति तथा योजना तर्जुमाको प्रक्रिया तल चित्रमा दिइएको छ।

## दीर्घकालीन सोच तर्जुमा ५ चरण विधि




*चित्र १: दीर्घकालीन सोच तर्जुमा विधि*

सबैभन्दा पहिलो चरणमा पोखरा महानगरपालिकाको पृष्ठभूमि तथा सन्दर्भ सामग्रीको अध्ययनबाट यहाँको आर्थिक सामाजिक वस्तुस्थितिको आकलन र महानगरका निर्वाचित पदाधिकारीहरुसँग सुरुवाती छलफल गरियो। यसै क्रममा महानगरले अवलम्बन गरेको विकास प्रयास, सञ्चालित प्रमुख आयोजनाहरुको विषयमा जानकारी हासिल गरियो। साथै विगतमा गरिएका योजनावद्ध विकासका अभ्यासहरू तथा त्यस क्रममा प्राप्त भएका सिकाई र महानगर बनेपछिको परिस्थितिमा यसको विकास सम्भावना, अवसर तथा चुनौतीहरूको विश्लेषण गरियो।

दोस्रो चरणमा महानगरपालिका कार्यालयमा दीर्घकालीन सोच तर्जुमाका विषयमा परिचयात्मक कार्यक्रम तथा निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यशाला गोष्ठी आयोजना गरी कार्यविधि पारित गरियो। यही छलफलबाट निर्देशक समिति र कार्यदल पनि गठन गरियो। त्यसपछि निर्देशक समितिको मार्गदर्शन अनुरुप कार्यदलको समन्वयमा छनोट गरिएका विषयविज्ञहरु अर्थशास्त्री, शहरी तथा क्षेत्रीय योजनाकार, सामाजिक सांस्कृतिक विकास विज्ञ, पत्रकार, राजनीतिक व्यक्तित्व, शिक्षाविद् आदिसँग सम्बन्धित विषयमा सुझाव संकलन र अन्तरक्रिया गरियो। साथै, दीर्घकालीन सोच तर्जुमा सम्बन्धी विस्तारित कार्यशालामा विषयगत कार्यपत्र प्रस्तुतिकरणका लागि प्रस्तोताहरूको छनौट र निर्देशक प्रश्नहरु तय गरियो। छनौट भएका विज्ञहरूका लागि निम्न प्रश्नहरूमा आधारित रहेर सुझाव दिन र प्रस्तुतिकरण गर्न आग्रह गरिएको थियो।

**मुख्य प्रश्न : आगामी २० देखि ३० वर्षको अवधिमा पोखरालाई एक समुन्नत शहर, उत्तम कार्यक्षेत्र र बसोबासका लागि सबैको रोजाइको शहर बनाउन यसलाई कसरी विकास गर्नु पर्ला ?**

**सहायक प्रश्नहरू :**

- पोखराको प्रमुख पहिचान के हो र यो कसरी विकास हुँदै आएको छ ?
- वातावरण संरक्षण, जलवायु परिवर्तन विपद् व्यवस्थापनका दृष्टिले पोखराका प्रमुख

जोखिम, अवरोध र सम्भावनाहरु के के हुन् ?

- पोखरा महानगरको शासन तथा संस्थागत प्रणाली कसरी विकसित हुँदै आएको छ ?
- पोखरा उपमहानगरमा लेखनाथ नगरपालिका र छिमेकी गाविसहरु समेत एकीकरण भएपछि यसको विकासका सम्भावना कस्तो देख्नु भएको छ ?
- अबको २५ वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानचित्र र परिवेशमा पोखरालाई कुन स्थानमा रहेको देख्न चाहनु हुन्छ ?
- आगामी २५ वर्षमा पोखरालाई यहाँले देख्नु भएको स्थानमा पुऱ्याउनका लागि के कस्ता रणनीतिक योजना तथा कार्यक्रमहरु आवश्यक पर्लान् ?

तेस्रो चरणमा २०७६ फागुन १२ र १३ गते २ दिने विस्तारित दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी आयोजना गरियो। सो गोष्ठीको पहिलो दिनको प्रथम सत्रमा ६ जना विषयविज्ञहरूबाट पोखरा महानगरपालिकाको दीर्घकालीन सोचबारे प्रस्तुतीकरण भए। प्रस्तुतिकरणपछि प्रस्तुतकर्ता विज्ञहरू, नगर प्रमुख र उपप्रमुखसहितको प्यानल छलफल गरी सहभागीहरूबाट राय, सुझाव संकलन गरियो। गोष्ठीको दोस्रो दिन पहिलो दिनबाट आएको निष्कर्षमाथि परामर्श एवम् विषयगत क्षेत्रमाथि विकासका अग्रणी क्षेत्रहरु पहिचान गर्नुका साथै सम्भावना तथा चुनौतीहरूबारे पनि छलफल गरियो।

चौथो चरणमा कार्यशाला गोष्ठीबाट आएका निष्कर्षबाट पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तथा रणनीतिक कार्ययोजनाहरूको मस्यौदा तयार गरी आम नगरबासीबाट थप राय, सुझाव संकलन गर्न नगरपालिकाको वेबसाइटमा राखिएको थियो।

पाँचौ चरणमा सबै राय, सुझाव सम्मिलित गरी यस प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ। यस प्रतिवेदन पोखरा महानगरपालिका र नगर कार्यपालिकामा प्रस्तुत गरी पारित गरिने आशा गरिको छ। यसैको आधारमा नगरपालिकाले आगामी आर्थिक वर्षहरुको योजना तथा कार्यक्रम निर्धारण गर्नेछ।

यस **पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना** (२०७७-८२) प्रतिवेदनमा पोखराको दीर्घकालीन सोच तथा संक्षिप्त रणनीतिक कार्ययोजना समावेश गरिएको छ। समावेशी स्थानीय आर्थिक विकासबारे बेग्लै प्रतिवेदन तयार गरिएको छ। जसको लक्ष्य, उद्देश्य तथा कार्यनीति संक्षिप्त रुपमा यस प्रतिवेदनमा समावेश गरिएको छ।

## १.४. दीर्घकालीन सोच तर्जुमाका सीमा

दीर्घकालीन सोच तर्जुमा निर्माणका सीमाहरु निम्न रहेका छन् :

क) पोखरा महानगरको विस्तृत सर्भेक्षण हाल नभएका कारणले जनसंख्या तथा आर्थिक सामाजिक तथ्याङ्कहरु २०६८ सालको जनगणनामा आधारित छन्। त्यसैगरी महानगरस्तरीय मानव विकास सूचकाङ्कहरु पनि उपलब्ध नभएको स्थितिमा कास्की जिल्लाको सूचकाङ्कलाई आधार मानिएको छ।

ख) यस प्रतिवेदनको कार्यसीमा रणनीतिक कार्ययोजना मात्र तयार गर्ने भएकोले विस्तृत कार्यक्रम, उक्त कार्यक्रमको लागि लाग्ने खर्च, आम्दानीको स्रोत, कार्य समय तालिका तथा प्रत्येक खर्चको लागि जिम्मेवार निकाय आदि विस्तृत विवरण समावेश गरिएको छैन। महानगरपालिकाले आफ्नो बार्षिक योजना तथा कार्यक्रम निर्माण गर्न यस प्रतिवेदन सहायक हुने आकलन गरिएको छ।

# २. पोखरा महानगरपालिकाको संक्षिप्त परिचय

पोखरा उपत्यका उत्तर तिब्बत (चीन) र दक्षिण भारतसँग नेपाललाई जोड्ने पुरानो र प्रमुख व्यापारिक मार्गमध्ये एक हो। यसले नेपाललाई सबैभन्दा कम दूरीमा तिब्बत र भारतसँग व्यापार व्यवसाय गर्न सहयोग पुऱ्याएको मानिन्छ। पछिल्लो चरणमा व्यापार, व्यवसायका हिसाबले काठमाडौं पछिको दोस्रो ठूलो र व्यस्त व्यापारिक केन्द्र पनि पोखरा उपत्यकालाई नै मानिन्छ।

यसको अनुपम प्राकृतिक सुन्दरता र आसपासको पहाडी तथा हिमाली रमणीय भूगोलका साथै चित्ताकर्षक दृष्यका कारण पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रका रुपमा विकसित भएको छ। फलस्वरुप, पोखरालाई नेपालको पर्यटकीय राजधानीका रुपमा चिनाउन थालिएको छ। यसकारण पोखराको आर्थिक गतिविधिमा पर्यटन उद्योगको महत्वपूर्ण योगदान रहदै आएको छ।

त्यसैगरी, यहाँको अर्थतन्त्रको अर्को प्रमुख स्रोत भनेको कृषि तथा पशुपालन पनि हो। यद्यपि, यहाँको कृषि प्रणाली परम्परागत र निर्वाहमुखी भएकाले यसलाई आधुनिकीकरण र व्यवसायीकरणको आवश्यकता भने छ।

पर्यटनबाहेक पोखराको आम्दानीको प्रमुख स्रोत विदेशबाट प्राप्त हुने विप्रेषण हो। परम्परागत रुपमा बेलायती र भारतीय सेनामा सेवा गरेर फर्कनेहरूले ल्याउने रकम र सेवा निवृत्तहरूको पेन्सनमा निर्भर रहेको पोखराको विप्रेषण अहिले भने खाडीदेखि युरोप, अमेरिका र जापानमा कार्यरत अदक्ष र अर्धदक्षका साथै विज्ञ नेपालीको श्रम, सीप र विज्ञतामा निर्भर छ।

यसर्थ पोखरा महानगरपालिकाको आर्थिक समृद्धिका आधार स्तम्भका रुपमा निम्न ३ प्रमुख क्षेत्रलाई लिइएको छ।

१. पर्यटन तथा सेवा क्षेत्र

२. कृषि तथा पशुपालन क्षेत्र

३. उद्योग तथा व्यापार क्षेत्र

नयाँ संवैधानिक व्यवस्था अनुसार बनेको पोखरा महानगर भूगोलका हिसाबले नेपालकै सबैभन्दा ठूलो महानगर मात्र नभई सुन्दर पर्यटकीय राजधानी र गण्डकी प्रदेशको प्रशासनिक केन्द्र पनि हो। साविकको पोखरा उपमहानगरपालिकामा लेखनाथ नगरपालिका र वरिपरिका गाविसहरुसमेत समावेश भएपछि बनेको पोखरा महानगरपालिकामा ३३ वटा वडाहरू छन्। यस महानगरको कुल क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. छ। २०६८ को जनगणना अनुसार यहाँको स्थायी जनसंख्या करिब ५ लाख छ। तर पोखरा पर्यटकीय तथा प्रशासनिक केन्द्रसमेत भएकाले यहाँ अस्थायी रुपमा बसोबास गर्ने जनसंख्या पनि स्थायीकै हाराहारी रहेको अनुमान छ।

पछिल्लो जनसंख्या वृद्धिदर (१.३५ प्रतिशत) र अन्य जिल्लाबाट पोखरामा बसाइसराइ गर्ने प्रवृत्तिका आधारमा अहिले पोखराको कुल जनसंख्या अस्थायीसमेत गरी करिब १२ लाख पुगेको अनुमान छ। साथै, करिब ६ लाख आन्तरिक र ५ लाख बाह्य गरी वार्षिक ११ लाख पर्यटकलाई पोखराले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा

सेवा प्रदान गरिरहेको छ। यसरी स्थायी र अस्थायी बासिन्दाका साथै आन्तरिक र बाह्य पर्यटक समेत गरी पोखरा महानगरले प्रत्यक्ष वा परोक्ष रुपमा वार्षिक २३ लाख मानिसका लागि सार्वजनिक सेवा प्रवाहको प्रबन्ध गरिरहेको छ।

पोखरा महानगर आर्थिक, सामाजिक, वातावरणीय तथा सांस्कृतिक दृष्टिले पनि विविधतायुक्त छ। क्षेत्रफलका हिसावले सबैभन्दा ठूलो वडा नम्बर २३ (४७.८० वर्ग कि.मी) छ भने सबैभन्दा सानो वडा नम्बर ४ (०.५१ वर्ग कि.मी) छ। यस महानगरको औसत जनघनत्व प्रति वर्ग कि.मी. ८८६ जना छ, जुन राष्ट्रिय औसत १८० भन्दा निकै बढी हो। क्षेत्रफलमा जस्तै वडागत जनघनत्वमा पनि निकै अन्तर रहेको छ। पुरानो बजार क्षेत्रमा पर्ने वडा नम्बर ४ मा सबैभन्दा धेरै जनघनत्व (प्रति वर्ग की.मी. १७८९१ जना) छ भने वडा नम्बर २३ मा सबैभन्दा कम घनत्व (१०३ जना) रहेको छ।

पोखरा महानगरको जनसंख्याको वितरण निकै असमान छ। कुल जनसंख्याको ४६ प्रतिशत मानिस सम्पूर्ण भूगोलको ६ प्रतिशत भूभागमा बसोबास गर्छन् भने बाँकी ५४ प्रतिशत मानिस अन्य ९४ प्रतिशत भूभागमा छरिएर रहेका छन्। यसले पोखरा महानगरमा घना बस्ती भएका पुराना बजार क्षेत्र बाहेकका अन्य क्षेत्रमा व्यवस्थित र योजनावद्ध शहरी विकासका साथै कृषि, पशुपालन र उद्योगको विकास र विस्तारको प्रचूर सम्भावना रहेको देखाउँछ।

पछिल्लो जनगणना अनुसार १ लाख ५ हजार घरधुरी रहेको पोखरा महानगरको औसत परिवार संख्या भने राष्ट्रिय औसत ४.६ भन्दा केही कम ३.८ छ। पोखराको प्रौढ (१५ वर्ष माथिको) साक्षरता दर पनि राष्ट्रिय औसत ६७.९ प्रतिशतभन्दा धेरै नै बढी ७८.६ प्रतिशत छ। साथै, १५ देखि ६९ वर्ष उमेर समूहको आर्थिक रुपमा सक्रिय जनसंख्याको अनुपात ६८ प्रतिशत रहेको यस महानगरका जनताको औसत आयु पनि राष्ट्रिय औसत (७०.२५ वर्षभन्दा केही बढी ७०.५१ वर्ष रहेको छ। यसले यस क्षेत्रको मानव विकासको अवस्था राम्रो रहेको संकेत गर्छ। यद्यपि, महानगरपालिका तहको मानव विकास सूचकको आधिकारिक तथ्यांक भने उपलब्ध छैन।

*तालिका २.१: पोखरा महानगरपालिकाको आधारभूत तथ्यांक*

| परिसूचक | मान | स्रोत | कैफीयत |
|---|---|---|---|
| बिजुली बत्तीको पहुँच पुगेको जनसंख्या | ९७ प्रतिशत | गाँउपालिका/ नगरपालिकाको वस्तुगत विवरणकास्की २०७४ (राष्ट्रिय जनगणना २०६८ मा आधारित) | नगरपालिकाको तथ्यांक |
| दाउराले खाना पकाउने जनसंख्या | २१.५२ प्रतिशत | | |
| मट्टीतेल र ग्याँसले खाना पकाउने जनसंख्या | ७३.१५ प्रतिशत | | |
| गोबर ग्याँस र बिजुलीले खाना पकाउने जनसंख्या | ४.५८ प्रतिशत | | |
| आफ्नै घर भएको जनसंख्या | ५५.८० प्रतिशत | | |
| भाडाको घरमा बस्ने जनसंख्या | ४०.९० प्रतिशत | | |
| **५ वर्षमाथिको साक्षरता दर कुल** | **८४.६ प्रतिशत** | | |
| पुरुष साक्षरता | ९१.९ प्रतिशत | | |
| महिला साक्षरता | ७७.८ प्रतिशत | | |
| **औसत निरपेक्ष गरिबी** | **२.८१ प्रतिशत** | | |
| गरिबी विषमता सूचक | १.०८४ | | |
| गरिबी गहनता सूचक | ०.३२७७ | | |

| परिसूचक | मान | स्रोत | कैफीयत |
|---|---|---|---|
| प्रतिव्यक्ति आय (GDP Per capita PPP) | अमेरिकी डलर २१४५ | अन्तर्राष्ट्रिय मुद्राकोष २०१३ | |
| मानव विकास सूचक | ०.५६७ | नेपाल मानव विकास प्रतिवेदन २०१४ (राष्ट्रिय जनगणना २०६८ मा आधारित) | कास्की जिल्लाको तथ्यांक |
| औसत आयु | ७०.५१ वर्ष | | |
| प्रौढ साक्षरता दर (१५ वर्षमाथि) | ७८.५७ प्रतिशत | | |
| प्रतिव्यक्ति आय (GDP Per capita) | १,५६१ अमेरिकी डलर | | |
| ढलान घर भएको जनसंख्या | ५३ प्रतिशत | | |
| विद्यालय जाने औसत उमेर | ५.६७ वर्ष | | |
| खाद्य असुरक्षित जनसंख्या | ८.६ प्रतिशत | | |
| मानवीय गरिबी | १६.५ प्रतिशत | | |
| बाँझो जमिन | ३० प्रतिशत | | |
| खुद प्राथमिक विद्यालय भर्ना दर | ९७.८ प्रतिशत | | |
| लैङ्गिक समानता सूचक (प्राथमिक विद्यालय) | १.०३ | | |
| शौचालय प्रयोग गर्ने जनसंख्या | ९० प्रतिशत | | गण्डकी प्रदेशको शहरी क्षेत्र |
| मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २३९ | | |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २७ | | |
| श्रम सहभागिता दर | ३९ प्रतिशत | नेपाल श्रमशक्ति सर्भेक्षण २०७५, केन्द्रीय तथ्यांक विभाग | गण्डकी प्रदेशको शहरी क्षेत्र |
| बेरोजगारी दर | ४ प्रतिशत | | |
| अर्धबेरोजगारी दर | ३०.१ प्रतिशत | | |
| श्रम सहभागितामा लैंगिक समता सूचक | ७२ | | |
| सम्पत्ति (घरजग्गा)मा महिलाको स्वामित्व | २२.७ प्रतिशत | दिगो विकास लक्ष्यमा गण्डकी प्रदेशको बेसलाइन प्रतिवेदन २०७६, प्रदेश नीति तथा योजना आयोग | गण्डकी प्रदेशको तथ्यांक |
| मोबाइल प्रयोग गर्ने १५ देखि ४९ वर्ष समूहका महिला | ८४.४३ प्रतिशत | | |
| इन्टरनेट प्रयोग गर्ने १५ देखि ४९ वर्ष समूहका महिला | ३८.०७ प्रतिशत | | |
| १८ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिला | ३१.७ प्रतिशत | | |
| १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिला | ७.५ प्रतिशत | | |
| ५ वर्षमुनिका होचापुड्का बालबालिका | २९ प्रतिशत | | |
| प्रजनन् उमेरका (१५ देखि ४९ वर्षका) महिलामा रक्त अल्पता | २८ प्रतिशत | | |
| पाँच वर्षमुनिका बाल बालिकामा रक्त अल्पता | ४६ प्रतिशत | | |

## २.१. वर्तमान अवस्था विश्लेषण

### २.१.१. सडक तथा यातायात

पोखरा महानगरपालिकामा सडक तथा हवाई यातायात सञ्जाल राम्रो रहेको छ। पृथ्वी राजमार्गले पोखरा महानगरपालिकालाई काठमाडौंसँग जोडेको छ भने सिद्धार्थ राजमार्गले पूर्व पश्चिम राजमार्ग र तराइसँग गाँसेको छ। पोखरा विमानस्थलबाट काठमाडौ, जोमसोम र भैरहवा लगायतका स्थानमा उडान हुन्छ भने छिमेकी देश भारतको बनारससँग पनि विमान सेवा पु/याउने योजना रहेको छ। निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल एक वर्षभित्रै सञ्चालनमा आउने लक्ष्य रहेकाले पर्यटन उद्योगमा थप टेवा पुग्ने अनुमान छ। संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा परेको पोखरा कोराला राजमार्गले महानगरपालिकालाई तिब्बतसँग जोड्ने छ।

वडागत तहमा सडकको घनत्व यस प्रकार छ :

*तालिका २.२ः वडागत सडक घनत्व*

| वडा | क्षेत्रफल (वर्ग कि.मि.) | लम्बाई (कि.मि.) | घनत्व (कि.मि. / वर्ग कि.मि.) | वडा | क्षेत्रफल (वर्ग कि.मि.) | लम्बाई (कि.मि.) | घनत्व (कि.मि. / वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | १.५४ | ८.४४ | ५.४७ | १८ | १७.७७ | ४७.८७ | २.६९ |
| २ | ०.६० | ६.८९ | ११.४७ | १९ | २४.५३ | ३४.०८ | १.३९ |
| ३ | ०.६३ | ५.५० | ८.६८ | २० | २२.९४ | २१.८६ | ०.९५ |
| ४ | ०.५१ | ५.९६ | ११.७० | २१ | ३५.९० | ७६.५८ | २.१३ |
| ५ | १.७८ | २६.०१ | १४.६० | २२ | ३२.११ | ५३.६८ | १.६७ |
| ६ | ६.३३ | २३.१७ | ३.६६ | २३ | ४७.८० | ११०.३३ | २.३१ |
| ७ | १.९७ | २२.७२ | ११.५२ | २४ | १८.५० | ४२.०६ | २.२७ |
| ८ | १.७६ | २६.२३ | १४.८९ | २५ | २२.३८ | ४०.१२ | १.७९ |
| ९ | १.२२ | ११.३४ | ९.२८ | २६ | १२.१३ | ४९.०४ | ४.०४ |
| १० | १.९६ | २१.५१ | ११.०० | २७ | १२.२३ | १३६.९३ | ११.२० |
| ११ | ६.९७ | ३९.५५ | ५.६८ | २८ | १७.५७ | ३६.९३ | २.१० |
| १२ | १.४० | १८.५६ | १३.२७ | २९ | ४.२२ | ३७.०४ | ८.७८ |
| १३ | १५.३८ | ४८.५८ | ३.१६ | ३० | ९.४० | ४९.९६ | ५.३१ |
| १४ | १३.३६ | ९१.५४ | ६.८५ | ३१ | २४.४६ | ६९.०५ | २.८२ |
| १५ | ५.१२ | ३३.४५ | ६.५४ | ३२ | १५.०१ | ३७.९७ | २.५३ |
| १६ | ३४.६८ | ३४.८१ | १.०० | ३३ | ४४.१८ | १०७.५४ | २.४३ |
| १७ | ७.८९ | ३५.०२ | ४.४४ | जम्मा | ४६४.२४ | १,४१०.३३ | ३.०४ |

*श्रोत :Inception Report, Urban Governance and Infrastructure Improvement Project, DUDBC-2017*

**समस्या तथा चुनौतीहरू :**

- पृथ्वी चोकको मुख्य बसपार्क अतिक्रमणको चपेटामा परेको छ भने अन्य साना बसपार्कहरुको क्षमता नाघिसकेको अवस्थामा छ।
- स्मार्ट शहरको परिकल्पना गरेको पोखरमा व्यवस्थित र आधुनिक बसपार्क अभावमा लामो दुरीका सवारी पार्किङ्गमा समस्या परेको छ।
- मूल शहर क्षेत्रमा सडकमै चारपांग्रे र दुइपांग्रे सवारी पार्किङ्ग गरिने हुनाले सडक दुर्घटनाको जोखिम छ।
- मुख्य शहरी क्षेत्रहरूमा राम्रो सडक सञ्जाल भए पनि ग्रामीण क्षेत्रमा भने बर्षैभरि गाडी चल्न सक्ने सडक निकै कम छन्।

## २.१.२. खानेपानी तथा सरसफाई

पोखरा महानगरपालिकाको खानेपानी वितरण मुख्य गरी खानेपानी तथा ढल विभाग र नेपाल खानेपानी संस्थानले गरेका छन्। यस बाहेक यहाँ साना शहरी खानेपानी आयोजनाहरू पनि सञ्चालनमा रहेका छन्। खानेपानी वितरणको विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

**खानेपानी**

*तालिका २.३: खानेपानी वितरणको विवरण*

| ओगटेको क्षेत्रफल | संस्था | कैफियत |
|---|---|---|
| वडा १ देखि १७ (मूल शहरी क्षेत्र) | नेपाल खानेपानी संस्थान | ७०,००० भन्दा बढी जनसंख्या तथा ६७% घरधुरीमा नेपाल खानेपानी संस्थानले वितरण गर्ने, बाँकीमा निजी निजी ट्याङ्करबाट वितरण हुने |
| वडा १६, अर्मला | ८०% नेपाल खानेपानी संस्थानबाट र २० % स्थानीय स्रोतबाट | खानेपानी तथा ढल विभागबाट सहयोगमा सानो सामुदायिक खानेपानी आयोजना |
| वडा १८, साराङ्गकोट | १५% नेपाल खानेपानी संस्थानबाट, १००० जनसंख्याका लागि १ आयोजना निर्माणको तयारीमा | साराङ्गकोट खानेपानी आयोजना निर्माणको क्रममा |
| वडा २६, २७, २८, २९, ३०, ३२ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना | (१०,७१६ घरधुरी) म.न.पा.को १०.२% भन्दा बढी जनसंख्या यसबाट लाभान्वित |
| वडा २६, २८ र ३१ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १७०६ घरधुरी, ६८६५ जनसंख्या लाभान्वित। भविष्यमा जम्मा १७७८ घरधुरीसम्म वितरण गरिने। |

| ओगटेको क्षेत्रफल | संस्था | कैफियत |
|---|---|---|
| वडा ३२ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना (तयारीमा) | ६२५ घरधुरी, २५३६ जनसंख्या लाभान्वित। |
| वडा १४, बाच्छेबडुवा | नेपाल खानेपानी संस्थान तथा केही डिप बोरिङ्ग | जमिनको पानी प्रयोग गरिएको |
| वडा २१ र ३३ | वि.सं. ५४-५५ मा निर्मित समुदाय आधारित खानेपानी आयोजना | स्रोत - भूरेखोला र कालावाङ्ग, १८००० जनसंख्या लाभान्वित, १-२% घरधुरीमा निजी व्यवस्था |
| वडा २२ र २३ | खानेपानी तथा ढल विभागबाट सहयोगमो सामुदायिक खानेपानी आयोजना | स्रोतः पञ्चासेबेसी, ९०० घरधुरी लाभान्वित, थप २००० घरधुरीमा सेवा पुऱ्याउने योजना |
| वडा २५, हेम्जा | नेपाल खानेपानी संस्थानबाट वितरित, सुविधा सन्तोषजनक नरहेको | करिब १२-१५% घरभुरीमा धारा भएको, बाँकी सामुदयिक धारामा निर्भर |
| वडा २४ | ढिकुरपोखरी कास्कीकोट साराङ्गकोट खानेपानी आयोजनाबाट वितरित | श्रोतः धम्पुस। सामुदायिक धाराबाट वितरित |
| JICA को सहयोगमा खानेपानी सुधार परियोजना निर्माणाधीन रहेको | दैनिक ४.१ करोड लिटर पानी प्रशोधन गर्न सक्ने क्षमता भएको संरचना (ग्रिट चेम्बर, सेडिमेन्टेसन ट्यांकी, स्लो स्यान्ड फिल्टर, क्लोरिनेसन युनिट आदि), सफा पानी भण्डारण गर्ने ट्यांकी | |
| लेखनाथ साना शहरी आयोजना | प्रशोधन संरचनाको साथमा खानेपानी वितरण प्रणाली तयारीमा | |

*स्रोतः जिल्ला खानेपानी तथा सरसफाई कार्यालय, कास्की र नेपाल खानेपानी संस्थान*

नेपाल खानेपानी संस्थान तथा लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट वितरित खानेपानी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार रहेको पाइएको छ। नेपाल खानेपानी संस्थान, पोखरा अनुसार पानीको गुणस्तर स्रोतमा नै राम्रो रहेको छ। प्रशोधनको लागि ट्याङ्कीमा क्लोरिनेशन गरिन्छ। देउतीखेत र रातमाटेमा पानीको गुणस्तर नपुगेको देखिएका कारण लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजनाका ५ वटा मुहानमध्ये ३ वटा मात्र सञ्चालनमा रहेको छ। नेपाल खानेपानी संस्थान तथा लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना दुवैले पानी प्रशोधन केन्द्रको आवश्यकता औंल्याएका छन्।

२०६८ को जनगणना अनुसार खानेपानीको स्रोत अनुसार घरधुरी संख्या तल तालिकामा दिइएको छ। सो तथ्याङ्क अनुसार ९२.६७% घरमा खानेपानीको सुविधा पाइप सञ्जालबाट पुगेको छ। अन्य स्रोतमा फोहोरा (spout water), खुला इनार र ढाकेको इनार रहेका छन्। केही परिवार अहिले पनि ट्युबवेल तथा नदी नालामा भर पर्ने गरेका छन्।

| खानेपानीको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पाइप सञ्जाल | ९७८९६ | ९२.६७ % |
| ट्युब वेल/ ह्यान्ड पम्प | १५८ | ०.१५ % |
| ढाकेको इनार | ९५८ | ०.९० % |
| खुला इनार | १४१७ | १.३४ % |
| फोहोराको पानी (Spout Water) | २५७३ | २.४३ % |
| नदीनाला | ३६० | ०.३४ % |
| अन्य | १९०९ | १.८० % |
| स्रोत नखुलेको | ३५४ | ०.३४ % |
| जम्मा | १०५६३१ | १००.०० % |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

**सरसफाई/ढल निकास**

पोखरा महानगरपालिकामा मानव सिर्जित फोहोर मैला घरघरमा नै सेप्टिक ट्याङ्कीबनाएर बिसर्जन गर्ने गरिएकाले ढलमा अन्य फोहोरमात्र जाने गरेको छ। सेप्टिक ट्याङ्की भरिएमा सुरक्षित तरिकाले गाडिबाट बाच्छेबडुवाको फोहोर प्रशोधन केन्द्रमा लगेर व्यवस्थापन गर्ने गरिएको छ । हाल ३५०० लिटर क्षमता भएका ५ ष्ट्याक्टर सो प्रायोजनका लागि सञ्चालनमा रहेका छन् । बाच्छेबडुवाको फोहोर बिसर्जन क्षेत्र (Landfill site) र प्रशोधन केन्द्र २०० रोपनीमा क्षेत्रफलमा फैलिएको छ । नगरपालिकाले पशुपन्छी विकास मन्त्रालयबाट १५ वर्षको लागि लिजमा लिइएको सो जग्गामा फोहोर विसर्जन गरेको १४+ वर्ष भइसकेको छ। यो केन्द्र एशियाली विकास बैंक (ADB) को सहयोगमा सार्वजनिक निजी साझेदारीमा पर्यटन पूर्वाधार विकास परियोजना अन्तर्गत निर्माण गरिएको हो । पर्यटन पूर्वाधार विकास परियोजनाको दोस्रो चरण अन्तर्गत केही सामुदायिक फोहोर व्यवस्थापनपरियोजनाहरू पनि पहल गरिएका थिए तर ती सम्पन्न हुन सकेनन् ।

पोखरा महानगरपालिकाको शहरी क्षेत्रमा पर्यटन पूर्वाधार विकास परियोजना अन्तर्गत सडकको किनारामा वर्षे पानी संकलनको लागि खुला सतह ढलको निर्माण गरिएका छन् । त्यस्ता ढल सेती नदी तथा फिर्केखोलामा मिसिने गरेको छन् । फिर्के खोलामा मिसिएको ढल सिधै फेवातालमा गएर मिसिने गरेको छ । आकाशे पानी निकासको लागि बनाइएता पनि महानगरका कैयौं घर, होटेल तथा रेस्टुरेन्टहरूले आफ्नो शौचालयको निकास जोडेको कारणले फेवाताल दिनप्रतिदिन प्रदूषित हुँदै गएको छ।

**समस्या तथा चुनौतीहरू :**

- महानगरपालिकाको पहाडी क्षेत्रमा खानेपानी अपुग छ । शहरी क्षेत्रमा एकीकृत खानेपानी आयोजना र वितरण प्रणालीको आवश्यकता महसुस भएको छ।
- नगरस्तरीय एकीकृत ढल सञ्जाल र ढल प्रशोधन केन्द्रको अभाव देखिएको छ।
- मुख्य शहरी क्षेत्र र हरेक वडामा सार्वजनिक शौचालयको आवश्यकता रहेको छ।

### २.१.३. फोहोरमैला व्यवस्थापन

पोखरा महानगरपालिकाले नागरिकको घरघरबाटै फोहोरमैला संकलन गर्ने व्यवस्था गरेको छ। संकलित फोहोरमैला वडा १४, बाच्छेबडुवास्थित ल्याण्डफिल साइटमा लगेर प्रशोधन गर्ने गरिएको छ। त्यसका लागि महानगरपालिकाका ११ वटा र निजी कम्पनीका १७ वटा गाडीका साथै ४ वटा कम्प्याक्टर दैनिक रुपमा सञ्चालन भइरहेका छ। सार्वजनिक निजी साझेदारीमा सञ्चालित यो फोहोर व्यवस्थापनले प्रणालीले सबै वडाका करीब १००,००० घरधुरीलाई सेवा प्रदान गरिरहेको छ। केही ग्रामीण क्षेत्रमा भने स्थानीय तहमा नै व्यवस्थापन गरिने गरेको छ। बाच्छेबडुवा पोखरा महानगरपालिकाभरीको एउटै मात्र ल्याण्डफिल साइट हो, जसको डिजाइन अवधि पूरा हुन २ वर्षभन्दा कम समय बाँकी छ। साथै यो ल्याण्डफिलसाइट निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थलको ३ किमीको सेरोफेरोमा पर्ने भएकाले उक्त विमानस्थल सञ्चालनमा आउन पूर्व नै अन्यत्र सारिसक्नुपर्ने वाध्यात्मक अवस्थामा महानगरपालिका छ।

हाल पोखरा महानगरपालिकाले वडा २१ को सुरौदीमा स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्नको लागि जग्गा छुट्र्याएको छ। सो जग्गामा पहुँच बाटो नभएकाले करिब १ किलोमिटर लामो टनेल निर्माणको प्रस्ताव पनि गरिएको छ।

**समस्या तथा चुनौतीहरू :**

- यो ल्याण्डफिल साइट फोहोरमैला प्रशोधन केन्द्रभन्दा पनि डम्पिङ्ग साइटको रुपमा प्रयोग भएको देखिन्छ।
- डिजाइन अवधि सकिन लागेको हुँदा यसको भरपर्दो विकल्प खोज्न ढिलो भइसकेको छ।

### २.१.४. विद्युत र सूचना तथा सञ्चार

पोखरा महानगरपालिकाको ९७% घरधुरीमा राष्ट्रिय प्रसारणबाट विद्युत सेवा पुगेको छ भने २% घरधुरी मट्टितेल र १% बायो ग्यास, सौर्य ऊर्जा लगायत अन्य स्रोतमा निर्भर छन्। पोखरा महानगरमा १८ वटा निजी स्थानीय एफ एम स्टेसनहरू सञ्चालनमा छन्। त्यसै गरी ४ वटा स्थानीय टेलिभिजन स्टेशन र विभिन्न पत्रपत्रिका र अनलाइन न्यूज पोर्टलहरू पनि सञ्चालनमा रहेका छन्। यहाँ दूरसञ्चार संस्थानको फोर जी र एनसेलको थ्री जी सञ्जाल सुचारु छन्। यहाँका बासिन्दाहरूले मोबाइल, साइबर क्याफे तथा स्थानीय वायरलेस तथा अन्य विभिन्न सेवा प्रदायकहरुबाट इन्टरनेटको सेवा प्रयोग गर्ने गरेका छन्।

### २.१.५. आवास

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा ५५.८% नागरिकको आफ्नै घर छ भने ४०.६९% भाडाको भरमा बस्छन। संस्थागत र अन्य स्वामित्व भएका घरको हिस्सा निकै कम रहेको छ।

*तालिका २.४ः स्वामित्वको आधारमा घरधुरी संख्या*

| विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|
| आफ्नो स्वामित्वमा | ५८,९४३ | ५५.८० % |
| भाडामा | ४२,९८३ | ४०.६९ % |
| संस्थागत | १,५९१ | १.५० % |
| अन्य | २,११५ | २.०० % |
| जम्मा | १०५,६३१ | १००.०० % |

*स्रोतः  राष्ट्रिय जनगणना, २०६८*

## २.१.६. सिंचाई

पछिल्लो तथ्यांक अनुसार पोखरा महानगरपालिकामा ४६.२०%(४,२१,६०० रोपनी) भुभाग कृषियोग्य रहेको देखिए पनि करिब ३८.६६% (२९३,९३८.७५ रोपनी) मा मात्र खेती गरिएको पाइएको छ। महानगरको समथर भूभागमा सिँचाईको राम्रो सुविधा भए पनि ग्रामीण क्षेत्रहरुमा भने समस्या नै रहेको देखिन्छ। विजयपुर सिँचाई योजना र पोखरा सिँचाई योजना महानगरका प्रमुख र ठूला सिचाई आयोजना हुन्। केही क्षेत्रमा किसानले समुदाय स्तरमा आफै सिँचाईको व्यवस्था गरेका छन्।

**समस्या तथा चुनौतीहरू :**

- पानीको लागि ताल तथा अन्य जलस्रोतहरूमा अतिक्रमण भएको अवस्था छ।
- सुइखेत, हेम्जा र पामेमा नदी कटानको कारण खेतीयोग्य जमिन कम हुँदै गएको देखिन्छ।
- सिँचाई सुविधा भएका समथर भूभागमा प्लटिङका कारण खेतीयोग्य जमिन मासिदै गएको छ भने पहाडी भेगमा भरपर्दो सिँचाईको अभाव देखिन्छ।

## २.१.७. वातावरण व्यवस्थापन

पोखरा महानगरपालिका भौगोलिक र वातावरणीय रुपमा निकै सुन्दर र आकर्षक मध्ये एक नगरपालिका हो। यद्यपि पहिल्ला वर्षहरुमा विभिन्न कारणले वातावरण क्षयीकरण हुँदै भएको विभिन्न अध्ययनले देखाएका छन्। महानगरले वातावरण क्षयीकरण रोक्न र दिगो वातावरण व्यवस्थापनको लागि पार्क निर्माण, फेवातालबाट जलकुम्भी झार हटा( उने कार्य, वृक्षारोपण, चौतारा निर्माण, ताल तथा पोखरी संरक्षण जस्ता कार्यक्रमका लागि हरेक वर्ष बजेट विनियो जन गर्दै आएको छ। स्थानीय तहमा पोखरा महानगरपालिकामा वातावरण संरक्षणसम्बन्धी ऐन बनिसकेको छैन। तसर्थ वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन तर्जुमा गर्न आवश्यक रहेको छ। वातावरण व्यवस्थापनको लागि विगत ७ वर्षको बजेट विनियोजन र खर्च तल तालिकामा दिइएको छ।

*तालिका २.५: आ.व. अनुसार वातावरण व्यवस्थापनमा बजेट विनियोजन र खर्च*

| आ. व. | कार्य विवरण (परियोजना) | विनियोजित बजेट (रु) | खर्च |
|---|---|---|---|
| २०६५/६६ | पार्क निर्माण, वृक्षारोपण तथा फेवा तालबाट जलकुम्भी झार (हाईसिन्थ) हटाउने कार्य | ११,९२,४७२ | ६७% |
| २०६६/६७ | पार्क संरक्षण, वृक्षारोपण तथा फेवातालबाट हाईसिन्थ हटाउने कार्य | ११,३५,८६२ | ५६% |
| २०६७/६८ | पार्क र चौतारो संरक्षण, वृक्षारोपण तथा फेवातालबाट हाईसिन्थ हटाउने कार्य | ११,६१,०९० | ८०% |
| २०६८/६९ | बसपार्क क्षेत्रको सरसफाई, फेवा तालको संरक्षण कार्य | ५,२५,००० | ७०% |
| २०६९/७० | वातावरण व्यवस्थापनमा बजेट नभएको | | |
| २०७०/७१ | पार्क व्यवस्थापन, वातावरण स्वयमसेवकको खर्च, कर्मचारीलाई वातावरणसम्बन्धी तालिम, फेवा तालबाट हाईसिन्थ हटाउने कार्य | १०,१०,००० | ८०% |
| २०७२/७३ | पार्क व्यवस्थापन, वृक्षारोपण | १८,७५,००० | ८०% |
| २०७४/७५ | वातावरण संरक्षणका लागि वडागत बजेट विनियोजन | १,२९,००,००० | ९०% |
| २०७६/७७ | वातावरण संरक्षणका लागि वडागत बजेट विनियोजन | २१,७३,७४,००० | **चालु** |

*स्रोतः पोखरा महानगरपालिकाको वार्षिक योजना (रातो किताब)*

## २.१.८. शहरीकरण

व्यवस्थित शहरी विकासका लागि साविकको पोखरा उप-महानगरपालिकाले नीतिगत व्यवस्था, रणनीतिक योजना र कार्यक्रमहरुमार्फत प्रयास गरेको देखियो । त्यसैको एक उदाहरण भवन निर्माण मापदण्ड पनि हो । जुन विभिन्न चरणमा परिमार्जन भएर अद्यावधिक उपलब्ध छ । २०७२ को भूकम्पपश्चात भवन निर्माण मापदण्डलाई संशोघन गरिएको हो। तीन तलाभन्दा अग्लो भवन निर्माण गर्न नपाइने नियम भएता पनि धेरै स्थानमा यसको उल्लंघन भएको देखिन्छ। त्यसै गरी खेतीयोग्य भूमिमा अव्यवस्थित बस्ती विकास पनि समस्याकै रुपमा देखिएको छ।

मालपोत कार्यालयको तथ्यांक अनुसार पोखरा महानगरपालिकामा विगत दुई वर्षदेबिघरजग्गाको कारोबारमा कमी आएको पाइएको छ। साविकको उपमहानगर वडा नम्बर (१ देखि १७) मा जग्गाको कारोबार धेरै घटे पनि पछि थपिएका वडाहरू (१८ देखि ३३) मा कारोबार बढेको देखिन्छ। हाल कास्कीकोट, हेम्जा, निर्मलपोखरी, भरतपोखरी, पुम्दी–भुम्दी, पुरनचौर र लेखनाथ क्षेत्रमा सबैभन्दा बढी जग्गा कारोबार भएको देखिन्छ।

**समस्या तथा चुनौतीहरू :**

- महेन्द्रपुल, नयाँबजार, न्युरोड, चिप्लेढुङ्गा र वरीपरीका क्षेत्रहरूमा पूर्णरुपमा बजार विकास भइसकेको भए पनि अव्यवस्थित शहरीकरणका कारण प्रदूषण, ष्ट्राफिक भीड र अपर्याप्त पूर्वाधार तथा सेवा, सुविधा जस्ता समस्या आइपरेका छन् ।

- कतिपय शहरी क्षेत्रमा जमिन भासिने (सिंकहोल) समस्या पनि रहेको छ र यसका कारण धेरै बस्ती असुरक्षित छन् ।
- पछि थपिएका शहरोन्मुख वडाहरुमा व्यवस्थित शहरीकरणका लागि जोखिम संवेदनशिल भूउपयोग नीति र गुरुयोजनाको अभाव देखियो ।

## २.२. पोखरा महानगरपालिकामा योजनावद्ध विकास अभ्यास

पोखरा नगरपालिकाको सन्तुलित र दिगो विकासका लागि विभिन्न समयमा विभिन्न योजना निर्माण गरिएका छन् । तिनीहरूमध्ये केही योजना आंशिक रुपमा कार्यान्वयन गरिए भने अरू केही अझै कार्यान्वयनको पर्खाइमा छन् । विभिन्न समयमा पोखरा उपत्यका, पोखरा नगरपालिका, पोखरा लेखनाथ महानगरपालिका आदिका लागि विभिन्न विषयगत योजनाहरू तर्जुमा भएका छन् । त्यसमध्ये केही योजनाका समीक्षा यहाँ गरिएको छ ।

### २.२.१. पोखराको भौतिक विकास योजना, वि. सं. २०३१

यो योजना वि. सं. २०३१ मा तत्कालीन आवास, भवन तथा भौतिक योजना विभागको सहयोगमा तयार गरिएको हो । यस योजनाले विशेष गरी १८० वर्ग कि. मि. क्षेत्रफल ओगटेको पोखरा उपत्यकाको भू-उपयोग योजना प्रस्ताव गरेको थियो । तत्कालीन पोखरा नगर पञ्चायतको विकासलाई विशेष ध्यानमा राखेर त्यो योजना निर्माण भएको देखिन्छ ।

यस योजना अनुसार पोखरा नगरको अर्थतन्त्र मुस्ताङ्गबाट काठमांडौ र भारततर्फ जाने व्यापारिक मार्गको वरिपरि भएको बस्ती विकासलाई महत्व दिएको देखिन्छ । भविष्यमा पोखराको आर्थिक विकास पर्यटनसँग जोडिने धारणा यस योजनामा व्यक्त भएको छ । यस योजनाको दीर्घकालीन उद्देश्य यस प्रकार रहेका छन् ः

- पोखरालाई हरित बगैँचा शहरको रुपमा विकास गर्ने
- यसलाई पश्चिम क्षेत्रको प्रमुख शहरी केन्द्रको रुपमा विकास गर्ने
- पोखराको प्राकृतिक सौन्दर्यको संरक्षण गर्ने
- पोखरालाई स्वस्थ्य र उत्कृष्ट बासस्थानको शहर बनाउने

बढ्दो आवादी, जनसंख्या वृद्धि, पर्यटन विकासको सम्भावना, निजी लगानी आकर्षण तथा पोखरालाई पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक जस्ता पक्षलाई ध्यानमा राखी यो योजना तयार गरिएको देखिन्छ । उक्त योजनामा भू-उपयोगलाई प्रमुख ११ क्षेत्रमा वर्गीकरण गरिएको थियो ः (१) आवासीय क्षेत्र (२) मिश्रित आवासीय र व्यापारिक क्षेत्र (३) संस्थागत क्षेत्र (४) खेलकुद क्षेत्र (५) संरक्षण क्षेत्र (६) प्राकृतिक पार्क तथा धार्मिक क्षेत्र (७) विमानस्थल क्षेत्र (८) यातायात सेवा क्षेत्र (९) औद्योगिक क्षेत्र (१०) नियन्त्रित पर्यटन विकास क्षेत्र र (११) ग्रामीण क्षेत्र । योजना कार्यान्वयनका लागि गण्डकी अञ्चलका अञ्चलाधीश अध्यक्ष र कास्कीका जिल्लाका प्रमुख

जिल्ला अधिकारी उपाध्यक्ष रहने गरी पोखरा नगर विकास कार्यान्वयन समिति गठन गरिएको थियो । भवन निर्माण मापदण्डको लागि उपयोगी मानिएको उक्त योजना फितलो कार्यान्वयनका कारणले सोचे अनुरुपको उपलब्धि प्राप्त भएको पाइँदैन ।

### २.२.२. फेवाताल वातावरण संरक्षण अध्ययन, वि. सं. २०५८

यो अध्ययन जनसंख्या तथा वातावरण मन्त्रालय तथा जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (JICA)को सहकार्यमा गरिएको हो । यस अध्ययनको प्रमुख उद्देश्य फेवातालको वातावरण संरक्षणको लागि एकीकृत योजना तर्जुमा रहेको देखिन्छ । यसले फेवाताल र पोखराको जलाधार क्षेत्रमा रहेका बासिन्दाको जीवनस्तर उकास्ने कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको छ। अध्ययनका आधारमा विभिन्न योजनाहरु समेटेर फेवाताल विकासको एकीकृत गुरुयोजना तयार गरिएको छ, जसमा निम्न योजना समावेश छन् :- (१) पानीको गुणस्तर व्यवस्थापन योजना (२) ढल प्रशोधन योजना (३) जलाधार क्षेत्र व्यवस्थापन योजना (४) पर्याप्रणाली (Ecosystem) संरक्षण योजना (५) फोहोरमैला व्यवस्थापन योजना (६) वातावरण नियमन योजना (७) पर्यटन विकास योजना (८) वातावरणीय शिक्षा तथा समुदाय सशक्तीकरण योजना (९) संगठनात्मक तथा संस्थागत योजना । हरेक योजना अन्तर्गत विभिन्न कार्यक्रम तथा परियोजना प्रस्तावित गरिएका छन् ।

### २.२.३. पोखरा उपत्यका गुरुयोजना, वि. सं. २०७१

पोखरा उपत्यका विकास गुरुयोजना २०७१ सालमा निर्माण भएको पाइन्छ । सो गुरुयोजना अन्तर्गतका गतिविधिहरू आ.व. २०७२/७३ मा प्रारम्भ गरी एक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो तर उक्त लक्ष्य अनुसार काम भएको देखिँदैन । उक्त योजनामा पोखरा उपत्यकाको आर्थिक सामाजिक विकासका निम्ति निम्न अनुसारका परियोजनाहरू अगाडि सारेको पाइन्छ ।

१. पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्
२. पोखरा–नवलपुर द्रुत सुरुङ मार्ग
३. पोखरा राष्ट्रिय बस टर्मिनल
४. पोखरा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला
५. राष्ट्रिय कला तथा साहित्य पार्क (सिर्जना ग्राम) पोखरा
६. पोखरा राष्ट्रिय स्वदेशी हाटबजार (नेपाली कोशेलीघर)
७. पोखरा वनस्पति उद्यान
८. पोखरा टावर
९. पोखरा चिडियाखाना
१०. पोखरा म्युजिकल फाउन्टेन
११. पोखरा सम्पदा संरक्षण तथा जैविक विविधता पार्क
१२. पोखरा उपत्यका चक्रपथ
१३. सिद्धार्थ यशोधरा स्मृति पार्क

१४. पोखरा सार्वजनिक पुस्तकालय
१५. पोखरा साइकल लेन सिटी
१६. फेवाताल संरक्षण तथा व्यवस्थापन

## २.२.४. पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन गन्तव्य विकास योजना, वि. सं. २०७३

विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमको सहयोगमा यो योजना तयार गरिएको हो। नेपालको राष्ट्रिय रणनीतिक योजना सन् २०१५-२०२४ अनुसार बृहत्तर पोखराको सर्वाङ्गीण विकासमा यो योजना केन्द्रीत छ। यसको प्रमुख उद्देश्य पोखरालाई नेपालको "**साँस्कृतिक, प्राकृतिक तथा बैठक, प्रोत्साहन, सम्मेलन र प्रदर्शनी (Meeting, Incentive, Conference and Exibitions-MICE)को गन्तव्य तथा क्षेत्रीय प्रशासन र सेवा केन्द्रको रुपमा पोखराको भूमिका सबल पार्ने**" रहेको देखिन्छ। यस योजनामा (१) सुधारिएको पूर्वाधार (२) विविधिकृत आर्थिक गतिविधि तथा अनुभव (३) वातावरण संरक्षण र (४) पोखराको बदलिदो तस्बिर गरी ४ वटा विकास लक्ष्यहरू तोकिएको छ।

यस योजनामा ६ वटा प्रमुख पर्यटन गन्तव्यको विकास योजना र ५५ उप परियोजना प्रस्ताव गरिएका छन्। यी मध्ये ९ वटा रुपान्तकारी लगानी परियोजना तयार गरिएका छन् :

१. लेकसाइड वाटरफ्रन्ट विकास
२. रत्न मन्दिर बगैंचा
३. फेवाताल संगीत फोहरा
४. फेवाताल वरिपरि पैदल मार्ग (फेवा फेरो)
५. साराङ्गकोट डाँडामा पर्यटकीय संरचना
६. सेती खोँचमा आकाशे पैदलमार्ग (Sky Walk)
७. अन्नपूर्ण प्राकृतिक संग्रहालयमा जीवित पुतली प्रदर्शनी कक्ष थप गरी स्तरोन्नति गर्ने
८. ढुङ्गे साँघुडाँडामा प्रकाश र नाटकको प्रदर्शनी
९. बेगनास तालमा वन्यजन्तु तथा अवलोकनका लागि पर्यावरणीय प्रदर्शन भवन

पर्यटन क्षेत्रमा निजी लगानी आकर्षित हुने अनुमानमा यी परियोजनामध्ये साराङ्गकोट डाँडामा पर्यटकीय संरचना निर्माण नमूना परियोजनाका रुपमा छनोट गरिएको छ।

यस योजनामा गन्तव्य व्यवस्थापन संस्था (Destination Management Organization) स्थापना गरेर सबै सार्वजनिक, निजी तथा अन्य सरोवारवालाको सहभागितामा आगामी ५-१० वर्षमा नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास तथा भइरहेकाको सुधार गर्नका लागि आवश्यक ढाँचा तयार गर्ने आशा अपेक्षा गरेको छ। तथापि हालसम्म योजना अनुसारका कार्यक्रमहरू कार्यान्वयन भएको देखिँदैन।

## २.२.५. शहरी शासन तथा पूर्वाधार सुधार परियोजना (UGIIP-II), पश्चिम क्षेत्र, विं सं. २०७४

नेपाल सरकारले आ.व. २०७२/७३ देखि विभिन्न १६ वटा नगरपालिकामा शहरी शासन तथा पूर्वाधार सुधार परियोजना (Urban Governance and Infrastructure Improvement Project-UGIIP) सञ्चालन गर्दै आएको छ । विश्व बैंकको सहयोगमा सञ्चालित यो परियोजनाले पश्चिमी क्षेत्रमा छनोट गरेका नगरपालिकामध्ये पोखरा महानगरपालिका पनि एक हो । यस परियोजनाको प्रमुख उद्देश्य नगरपालिकाको लागि पूर्वाधार सम्भाव्यता अध्ययन गर्नु रहेको छ ।

यस परियोजनाले दीर्घकालीन सोच, प्राथमिक क्षेत्र तथा चुनौती, क्षेत्रगत भू-उपयोग योजना सहितको सूचक तयार गरेको छ । त्यस अन्तर्गत पोखरा महानगरपालिका (तत्कालीन पोखरा–लेखनाथ महानगरपालिका) लाई दीर्घकालीन रुपमा "क्षेत्रीय प्रशासन र सेवाको केन्द्र बनाई पोखरा र लेखनाथलाई प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्य"का रुपमा विकास गर्ने सोच लिइएको छ, जुन राष्ट्रिय रणनीतिक योजना सन् २०१५-२०२४ अनुसारको बृहत्तर पोखराको व्यापक उद्देश्यसँग मिल्दोजुल्दो छ ।

उक्त योजनामा नगरपालिकाको भू-उपयोग वर्गीकरण यस प्रकार गरिएको छ : (१) व्यावसायिक मिश्रित क्षेत्र, (२) संस्थागत तथा व्यावसायिक उपयोग, (३) आवासीय उपयोग, (४) कृषि उपयोग, (५) विमानस्थल क्षेत्र, (६) औद्योगिक क्षेत्र, (७) कम जनघनत्व भएको ग्रामीण बस्ती, (८) सैनिक क्षेत्र र (९) संरक्षित क्षेत्र । खानेपानी, ढल व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा विभिन्न सडकहरू शहरी रणनीतिक परियोजनाको रुपमा प्रस्ताव गरिएको छ। हल्लनचोक-चापाकोट सडक, विजयपुर-माँझठाना सडक, तालचोक-बेगनास सडक र शिशुवा-राजाचौतारा सडकहरूको सम्भाव्यता अध्ययन गरिएको छ । यस परियोजना अन्तर्गत तालचोक-बेगनास सडकको विस्तृत परियोजना प्रतिवेदन पनि तयार भएको छ ।

## २.२.६. पोखरा उपत्यका एकीकृत ताल व्यवस्थापन योजना, वि. सं. २०७५

गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयद्वारा पोखरा क्षेत्रका ९ वटा तालको विकासमा केन्द्रित भएर यो योजना तर्जुमा गरेको देखिन्छ । पोखरा उपत्यकाका पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका र रुपा गाउँपालिका यस योजना अन्तर्गत पर्दछन् । ताल क्षेत्रको सामाजिक अर्थतन्त्र, जैविक विविधता तथा पर्याप्रणाली सेवा, जलवायु परिवर्तन तथा संकटासन्नता र यस क्षेत्रमा काम गर्ने संस्था, नीति तथा अभ्यासहरूको बारेमा गहन अध्ययन गरिएको छ ।

स्थानीय बासिन्दाको दिगो समृद्धिका लागि पोखरा उपत्यकाका तालहरुको संरक्षण र सामाजिक पर्यावरणीय समग्रता जोगाउनु अपरिहार्य रहेको उल्लेख गरिएको छ । त्यसका लागि तालहरुको एकीकृत व्यवस्थापन गरी नागरिकको सामाजिक आर्थिक समृद्धिमा सहयोग पुर्‍याउँदै लोपोन्मुख तालहरुलाई पुरानो प्राकृतिक स्थितिमा पुनर्स्थापना गर्ने लक्ष्य लिइएको छ । एकीकृत ताल व्यवस्थापन तथा प्रशासन सबल बनाउन योजनामा (१) सशक्त प्रशासन प्रणाली (२) जैविक विविधता तथा पर्याप्रणाली (Ecosystem) सेवा संरक्षण (३) सामाजिक आर्थिक समृद्धि(४) लैङ्गिक तथा सामाजिक समावेशिता (५) वातावरण मैत्री 'हरित' पूर्वाधार (६)जलवायु परिवर्तन तथा

विपद् न्यूनीकरण (७) नियमन तथा सूचना व्यवस्थापन प्रणाली तथा (८) वित्तीय दिगोपना जस्ता आठ विषयगत क्षेत्र पहिचान भएका छन् ।

प्रदेश सरकारको सहयोगमा पोखरा महानगरपालिका, अन्नपूर्ण गाँउपालिका तथा रुपा गाँउपालिकाले सहकार्यमा यो योजना कार्यान्वयन गर्नुपर्ने प्रस्ताव गरिएको छ । पोखरा महानगरपालिकामा सीमसार इकाइ स्थापना गर्ने पनि प्रस्ताव छ ।

### २.२.७. पोखरा–दमौली मेगासिटी परियोजना, वि. सं. २०७५

नेपालका सात प्रदेशमा ठूला शहर (Mega City) विकास गर्ने उद्देश्यले शहरी विकास तथा भवन निर्माण विभागले यो परियोजना सञ्चालन गरेको हो । यस परियोजनाको अध्ययन क्षेत्रमा पोखरा महानगरपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका र म्याग्दे गाउँपालिका रहेका छन् । यस क्षेत्रमा पोखरा महानगरपालिकाले उद्योग व्यवसाय, पर्यटन र सूचना तथा सञ्चार केन्द्रको रुपमा महत्वपुर्ण भूमिका खेल्ने बताइएको छ । मेगासिटी क्षेत्रको दीर्घकालीन सोच "सफा, हरित तथा समृद्ध पोखरा दमौली क्षेत्र" भनेर तय गरिएको छ । यसको लक्ष्य "साहसिक पर्यटन र वातावरणमैत्री दिगो मेगासिटी क्षेत्रको प्रबर्द्धनद्वारा आर्थिक रुपमा समृद्ध एवम् प्राकृतिक रुपमा दिगो र हरित शहरी विकास सुनिश्चित गर्ने" रहेको छ ।

यस अध्ययनले पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रमा व्यवस्थित बस्ती विकासगर्न प्रस्ताव गरेको छ । त्यसैगरी, पोखराको लेकसाइड, न्युरोड तथा लेखनाथको ताल चोकको उत्तर पूर्वी क्षेत्रहरूमा व्यावसायिक र मिश्रित भू-उपयोग नीति अवलम्बन गरिनुपर्ने उल्लेख गरिएको छ । सेती नदीको दायाँ बायाँ एवम् हेम्जा क्षेत्रलाई कृषियोग्य भूमिका रुपमा उपयोग गर्न प्रस्ताव गरिएको छ । सूचना तथा सञ्चार प्रविधि विकास र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विभिन्न रणनीति र कार्यक्रमहरू पनि प्रस्ताव गरिएको छ ।

यस परियोजना अन्तर्गत मेगासिटी क्षेत्रका लागि आवश्यक भौतिक पूर्वाधार परियोजनाहरूको पहिचान गरी सूची प्रस्तुत गरिएको छ । तीमध्ये ३ वटा प्राथमिक परियोजनाको छनौट गरी विस्तृत ईञ्जिनियरिङ्ग डिजाइन पनि तयार पारिएको छ । पोखरा महानगरपालिकाका लागि वडा २५, हेम्जामा क्षेत्रीय कृषि उपज संकलन तथा प्रशोधन केन्द्रको प्रस्ताव गरिएका छन् ।

# ३. पोखरा महानगरपालिकाको दीर्घकालीन सोच

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत विचारहरू, सहभागीबीचको छलफल, विषयविज्ञहरूको सुझाव तथा परामर्शको साथै पोखराको विद्यमान वस्तुस्थिति, महानगरपालिकाका जनप्रतिनिधिहरुको सोचको आधारमा विकासका सम्भावना र नगरवासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै "**पोखरा २१००**" को दीर्घकालीन सोच देहाय बमोजिम तय गरिएको छ ।

**"समुन्नत पर्यटकीय पोखरा"**


"Prosperous Touristic Pokhara"

## ३.१. परिभाषा

'**समुन्नत शहर**' को संकथनले दक्ष, इमान्दार एवं प्रतिबद्ध मानव संसाधनको उच्चतम व्यवस्थापनद्वारा समावेशी, विविधीकृत एवं नवप्रवर्तनात्मक आर्थिक विकासका माध्यमबाट हासिल गरिएको आनन्दमय शहरको छविलाई चित्रित गर्न खोजिएको छ । यसभित्र वृत्ताकार तथा हरित अर्थतन्त्र (Circular and Green Economy) को अधिकतम प्रवर्द्धन, पूर्वाधार सञ्जाल तथा सन्निकटता (Connectivity) र विकास प्रतिफलको समन्वायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् ।

**पर्यटकीय शहर** : पोखरा नेपालको मात्र नभई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यमध्ये पर्दछ । यहाँको प्राकृतिक ताल, हरियाली डाँडा तथा पृष्ठभूमिमा माछापुच्छ्रे, अन्नपूर्ण हिमश्रृंखला र यहाँको साँस्कृतिक विविधताले आफ्नै पहिचान बोकेको छ । साथै पोखराको भौगर्भिक संवेदनशीलता तथा विपद् र जलवायु परिवर्तनजन्य जोखिमको उच्च सम्भावनालाई ध्यानमा राख्दै गरिने

### वृत्ताकार तथा हरित अर्थतन्त्र
### (Circular and Green Economy)




हरित अर्थतन्त्र भन्नाले "भविष्यका पुस्तालाई वातावरणीय तथा पर्यावरणीय जोखिमबाट जोगाउनका लागि वस्तु र सेवाहरूको उत्पादन, वितरण र उपभोगसँग जोडिएको आर्थिक गतिविधि केन्द्रित एवम् मानव कल्याणको लागि हितकारी प्रणालीको जगमा उभिएको अर्थतन्त्र" भनेर बुझिन्छ । वृत्ताकार अर्थतन्त्र भन्नाले "विकासको रणनीति जसले स्रोतहरूको उपभोग बढ्न नदिई र वातावरणमा जोखिम न्यून गरी आर्थिक विकास सुनिश्चित गर्ने अर्थतन्त्र" भन्ने बुझिन्छ । यस अवधारणा अनुसार उत्पादनहरूको आयु लामो रहनेछ, र आयु सकिएपछि पनि यी उत्पादनमा रहेका स्रोतहरूको पुनः प्रयोग गरी नयाँ मूल्य सिर्जना गरिनेछ, जसले गर्दा फोहोर उत्पादनमा निकै कमी आउनेछ ।

स्रोतः Galimberti, C. (2016, September 6). Green Economy and Circular Economy: targets and prospects.

भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन, सामाजिक सुरक्षाको प्रत्याभूति एवं सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव र सहअस्तित्वले पोखराको पर्यटकीय महत्तालाई अझ बढी ओजपूर्ण बनाउनेछ।

अनुपम सौन्दर्यको संरक्षण र संवर्द्धन गर्दै व्यवस्थित शहरी विकासको फलस्वरूप प्राप्त हुने नगरको चिटिक्क, सफा र मनोरम स्वरुपलाई इंगित गर्न खोजेका छन्। यो मनोरम स्वरुपलाई दिगो र चिरन्तन रुप दिनका लागिसाँस्कृतिक एवं जातीय विविधताको सम्मान एवं प्रवर्द्धन अत्यन्त अपरिहार्य छ। माथि दिइएको परिभाषाको मर्मभित्र रहेका मुख्य शब्दावलीहरुलाई तल चित्रमा देखाइएको छ।

**सुन्दर**

- मनोरम प्राकृतिक सौन्दर्य
- ताल तलैया र हरियाली
- बहुल सांस्कृतिक सम्पदा र धार्मिक विविधता
- सुमधुर वातावरण र स्वच्छ वायुमण्डल
- कम कार्बन उत्सर्जन
- खुला क्षेत्र संरक्षण
- ब्यबस्थित शहरीकरण

**सुरक्षित पर्यटकीय गन्तव्य**

- समावेशी समाज
- समतामूलक विकास
- विपद् तथा जलवायु परिवर्तन उत्थानशील पूर्वाधार
- सभ्य र सुसंकृत जनता
- सांस्कृतिक सहिष्णुता
- सामाजिक सहअस्तित्व
- जनउत्तरदायी प्रशासन
- संस्थागत सक्षमता
- सुशासन

**समुन्नत**

- समावेशी, विविधिकृत र दिगो आर्थिक विकास
- हरित र वृत्ताकार अर्थव्यवस्था
- उच्च मानव विकास र दक्षता
- लगानी र व्यवसायमैत्री नीति
- आनन्दमय जिवनयापन
- सुदृढ पूर्वाधार सञ्जाल र सहज पारवहन (कनेक्टिभिटी)
- उच्चतम प्रविधि र कृत्रिम बौद्धिकताको व्यापक उपयोग
- नवप्रवर्तन र नवउद्यम (startups) लाई उत्प्रेरणा

## ३.२. निर्देशक सिद्धान्त

पोखरा महानगरलाई ताल र हरियालीको संरक्षण तथा संबर्द्धन गर्दै समुन्नत पर्यटकीय नगरी बनाउने दीर्घकालीन सोचलाई देहायका मान्यताहरुले मार्गदर्शन गरेका छन्। यो मार्गदर्शन नेपालको संविधानको भाग १ धारा ४ मा उल्लेख भए बमोजिम नेपालको अर्थतन्त्रलाई समाजवादतर्फ उन्मुख गराउने दिशामा स्थानीय सरकारले खेल्नुपर्ने भूमिकामा केन्द्रित छ। साथै यसले उत्पादनमुखी, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्तसम्बन्धी धारा ५१ (घ)(१) अनुसार तीन खम्बे अर्थनीति (सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागिता) को अबलम्बन गर्नेछ। त्यसैगरी, यो मार्गदर्शनको अवलम्बनद्वारा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दिगो विकास लक्ष्य (वि.सं. २०७३-२०८७) लाई स्थानीय स्तरमा मूल प्रवाहीकरण गरिनेछ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई यथार्थमा बदल्न पोखरा महानगरपालिका कटिबद्ध छ। यस क्रममा, समृद्धिका चार मुख्य सूचक - उच्च र समतामूलक राष्ट्रिय आय, मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता तथा उच्च उत्पादन र उत्पादकत्वलाई पूर्ण रुपमा आत्मसात्गरिएको छ। त्यसैगरी सुखी नेपालीका लागि छ वटा प्रमुख सूचकः परिष्कृत तथा मर्यादित जीवन, सुख,

सभ्य र न्यायपूर्ण समाज, स्वस्थ र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र तथा राष्ट्रिय एकता र सम्मानलाई पनि यो दीर्घकालीन सोचमा अँगालिएको छ।

उपर्युक्त मार्गदर्शनका अधीनमा रही यो दीर्घकालीन सोचका निर्देशक सिद्धान्तहरु देहायबमोजिम हुनेछन्

१) योजनाबद्ध ढंगबाट गरिएको सुव्यवस्थित शहरी विकास नै शहरको सौन्दर्य, सुरक्षा र समुन्नतिको प्रथम प्रस्थानविन्दु हो भन्ने अवधारणालाई आत्मसात् गर्दै पोखराको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, विपद् तथा जलवायु परिवर्तन-उत्थानशील भवन एवं भौतिक संरचना, पूर्वाधार सन्जाल तथा सन्निकटता एवं शहरी सुशासनलाई केन्द्रीय प्राथमिकतामा राखिनेछ।

२) समावेशी, समन्यायिक एवं विविधीकृत आर्थिक विकासका अवसरको विकास र विस्तार विना शहरको समुन्नति सम्भव छैन भन्ने अर्को स्थापित मान्यतालाई यो दीर्घकालीन सोंच तथा आर्थिक विकास योजनाले आत्मसात् गरेको छ। यो सोंचलाई साकार पार्नका निमित्त लगानी तथा व्यवसायमैत्री वातावरणको प्रवर्द्धन, सरकारको विवेकपूर्ण नियमन तथा प्रोत्साहन, नवप्रवर्तन एवं वृत्ताकार एवं हरित अर्थनीति जस्ता नवीन एवं आधुनिक अवधारणाहरुलाई अवलम्बन गरिएको छ।

३) त्यसैगरी नागरिक सचेतना तथा जिम्मेवारी बोध, सामाजिक सद्भाव, सहिष्णुता एवं सह(अस्तित्व, समभाव र समानुभूति जस्ता मानवीय मूल्य र मान्यताको आन्तरिकीकरण तथा संस्थागतीकरण विना हाम्रो अपेक्षा र चाहनाबमोजिम पोखराको रूपान्तरण सम्भव नहुने भएको हुँदा यी मान्यतालाई समेत प्रस्तुत दीर्घकालीन सोच तथा आर्थिक योजनाले उच्च स्थान दिएको छ।

## ३.३. समष्टिगत लक्ष्य तथा उद्देश्य

**लक्ष्य** : यस दीर्घकालीन सोचलाई वास्तविकतामा परिणत गर्नका लागि शहरको विद्यमान आर्थिक स्थिति, पूर्वाधार विकासको अवस्था, शहरी सुरक्षा तथा सुशासनका क्षेत्रमा उल्लेखनीय सुधार गरी पोखरा महानगरलाई मुलुककै मात्र नभई अन्तर्राष्ट्रिय स्तरकै सुन्दर, सुरक्षित तथा समुन्नत पर्यटकीय शहरका रुपमा स्थापित गरिनेछ। उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छ :

१. शहरको आर्थिक विकासको चरित्रलाई विविधीकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने।
२. शहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीको सहज पहुँच स्थापित गर्ने।
३. शहरको प्राकृतिक सौन्दर्य तथा साँस्कृतिक सम्पदाक संरक्षण तथा सम्बर्द्धन गरी पोखरा महानगरलाई दिगो पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने।
४. नगर तथा नगरबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी पोखरा महानगरलाई एक आदर्श नगरका रुपमा प्रतिष्ठित गर्ने।
५. शहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत

संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संशाधनको विकास गरी शहरी सुशासन प्रत्याभूत गर्ने ।

६. हालको पोखरा महानगरपालिकाभित्र घना बस्तीयुक्त शहर बजार र छरिएका पातला बस्ती तथा न्यून पूर्वाधारयुक्त गाउँहरु पनि रहेको सन्दर्भमा दुवै क्षेत्रको सन्तुलित तथा न्यायपूर्ण आर्थिक बृद्धि तथा रोजगारीका लागि निरन्तर प्रयत्न र पहल गर्दै रहने ।

## ३.४. विषयगत लक्ष्य, उद्देश्य तथा रणनीति

निर्धारित समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न व्यवस्थित शहरी विकासका विभिन्न आयामहरू समेटी देहाय बमोजिमका विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरू तय गरिएको छ । ती आयामहरुको हालको अवस्था, भोग्नुपरेका समस्या तथा चुनौतीहरूको विश्लेषणका सँगै उपलब्ध अवसर एवम् सम्भावनाहरूलाई बढ्दो जनअपेक्षा सम्बोधन गर्दै समावेशी, उत्थानशील र दिगो शहरी विकासका उपायहरू प्रस्तुत गरिएको छ ।

### ३.४.१. आर्थिक विकास

पोखरा महानगरपालिकामा आर्थिक विकासका चुनौती तथा अवसरहरु निम्न रहेका छन् ।

**चुनौती**

- सबैजसो उद्योग तथा व्यवसाय निजी क्षेत्रको अगुवाइमा स्थापना र सञ्चालन भएको र महानगरको प्रत्यक्ष संलग्नता रहेको नपाइएको ।
- सार्वजनिक निजी साझेदारीका प्रयास भए पनि आशातीत सफलता हासिल गर्न नसकेको ।
- स्थानीय स्रोत, साधन, सीप र दक्षतालाई समुचित उपयोग र प्रोत्साहन हुन नसकेको ।
- महिला, पिछडिएका वा पछाडि पारिएका समुदायलाई रोजगारी तथा व्यवसायमा संलग्न गराउने प्रयासले गति लिन नसकेको । बैंक तथा वित्तीय संस्थामा यस्ता समुदायको पहुँच न्यून रहेको ।

**अवसर**

- पर्यटन, कृषि, पशुपालन र वनमा आधारित सार्वजनिक उद्यम र सहकारीको माध्यमबाट रोजगारी तथा आर्थिक विकासका प्रचूर सम्भावना रहेको ।
- सूचना प्रविधि (Information and Comuniciation Technology-ICT) र कृत्रिम बौद्धिकता (Artificial Intelliangence-AI) सँग सम्बन्धित युवा लक्षित नवप्रवर्तनात्मक (Innovative) नवउद्यम (start-up) हरुको व्यापक सम्भावना रहेको ।
- वृत्ताकार एवं हरित अर्थतन्त्र (Circular and Green Economy) को माध्यमबाट प्राकृतिक स्रोत र सौन्दर्यको जगेर्ना गर्दै आम समुदायको जीवनस्तरमा व्यापक परिवर्तन ल्याउन सकिने अवसर रहेको ।

## ICT (Information and Communications Technology)




सूचना तथा सञ्चार प्रविधि (ICT) भन्नाले आधुनिक कम्प्यूटिङ्गका पूर्वाधार तथा अवयव भनेर बुझिन्छ। यसले इन्टरनेट चालित क्षेत्र तथा मोबाइल चालित वायरलेस सञ्जाललाई समेट्छ।

यसको उपयोग आर्थिक, सामाजिक र पारस्परिक लेनदेन र अन्तर्क्रियाका लागि हुँदै आएको छ। मानिसको जनजीवनमा काम गर्ने, सम्पर्क गर्ने र अध्ययन गर्ने तरिकामा ICT ले धेरै सकारात्मक परिवर्तन ल्याएको छन्।

स्रोत:https://searchcio.techtarget.com/definition/ICT- information-and-communications-technology- or-technologies

**लक्ष्य** : समावेशी र दिगोरोजगारी सिर्जनामार्फत गरीबी न्यूनीकरण गर्दै नगरबासीको जीवनस्तरमा व्यापक सुधार ल्याउने।

**उद्देश्य तथा रणनीति**

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. न्यून कार्बन उत्सर्जन हुने पर्यटन, कृषि, उद्योग तथा व्यापार क्षेत्रको सन्तुलित विकासबाट तीव्र आर्थिक वृद्धि हासिल गर्ने | रणनीति १: पर्यटकको संख्या, पर्यटकले गर्ने खर्च तथा पर्यटकको पोखरा बसाई वृद्धि गर्ने |
| | रणनीति २. कृषि, पशुपालन तथा वनपैदावर व्यवसायलाई मूल्य श्रृंखलामा आधारित व्यवसायीकरण गर्ने। |
| | रणनीति ३. उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउँदै विकास र विस्तार गर्ने |
| उद्देश्य २.स्थानीय आर्थिक अवसरहरुलाई समावेशी र दिगो रुपमा प्रवर्द्धन गर्न स्थानीय आर्थिक विकास योजना (Local Economic Development Plan) तर्जुमा गर्ने | रणनीति १. विपन्न समुदायलाई लक्षित गरी स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यमहरुको प्रवर्द्धन गर्ने। |
| | रणनीति २. स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा फलफूल, तरकारी, पशुपालन, डेरी, वन पैदावरको व्यवसायीकरणका लागि सहकारीर बैंक वित्तीय संस्थासँगको पहुँच बढाउने। |
| | रणनीति ३. युवालाई सूचना प्रविधि (ICT) र कृत्रिम बौद्धिकता (AI) सँग सम्बन्धित नवप्रवर्तनात्मक (Innovative) नवउद्यम (start-up) तर्फ प्रोत्साहन गर्ने। |

| | |
|---|---|
| उद्देश्य ३. पोखरा महानगरपालिकालाई आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट शहर (Smart City) तथा पर्यटन केन्द्रको रुपमा विकास गर्ने | रणनीति १. स्थानीय उत्पादनहरुको व्यवसायिक उत्पादन र व्यवस्थित बजारिकरणका लागि सुविधा सम्पन्न आधुनिक पूर्वाधार व्यवस्था गर्ने । |
| | रणनीति २. विद्यमान औद्योगिक क्षेत्रको उचित व्यवस्थापनका साथै नयाँ औद्योगिक क्षेत्रको विकासका लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्ने । |
| | रणनीति ३. नयाँ पर्यटकीय गन्तव्यहरुको परिचान गरी पर्यापर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने र शहरको सौन्दर्यकरण गर्ने । |

**अपेक्षित उपलब्धि**

- दिगो र समावेशी स्थानीय आर्थिक विकास प्रवर्द्धनका लागि पोखरा महानगरपालिकामा निजी क्षेत्र समेतको सहभागितामा एक स्थायी संयन्त्र विकास भएको हुनेछ। उक्त संयन्त्रको सक्रियतामा तर्जुमा गरिएका कार्यक्रम प्रभावकारी कार्यान्वयन भई स्थानीय आर्थिक गतिविधिको वृद्धि भएको हुनेछ।
- महानगरमा निजी तथा सार्वजनिक क्षेत्रको पारस्परिक योगदानमा नयाँ लगानीमैत्री वातावरणमा सुधार भई निजी लगानीमा वृद्धि भएको हुनेछ।
- कृषि पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित वस्तु तथा सेवाको मूल्य श्रृंखला प्रबर्द्धन भई आम उत्पादक र उपभोक्ताको हित अभिवृद्धि भएको हुनेछ।
- सहकारी, बैंक तथा वित्तिय संस्थासँगको सहकार्यमा महिला तथा सिमान्तकृत वर्गको वित्तीय पहुँचमा वृद्धि भई उनीहरुमा आय आर्जन तथा रोजगारीका अवसरहरु वृद्धि भएको हुनेछ।

**मूल्य श्रृंखला (Value Chain)**

कृषि प्रणालीमा मा मूल्य श्रृंखलाले कुनै आधारभूत कृषि उपजलाई खेतवारीबाट उत्पादन तथा प्रशोधन र अन्तिम खपत वा उपभोगसम्मको कार्यमा संलग्न श्रम तथा गतिविधिका कारण आर्जित मूल्य पहिचान गर्दछ । मूल्य श्रृंखला विभिन्न स्वतन्त्र व्यापार संस्थाहरूबीचको सञ्जाल हुन सक्छ र यसमा प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, ढुवानी र वितरणका गतिविधि समावेश हुन सक्छन् । यसबाट हरेक तहमा आवद्ध व्यक्ती तथा उत्पादनका साधनले लाभ प्राप्त गर्न सक्छन् र रोजगारीमा समेत वृद्धि हुन्छ ।




स्रोतः *https://medium.com/@harriet436/digitalizing-agricultural-value-chains-in-africa-2c0daf43299a*

## ३.४.२. पूर्वाधार तथा शहरी विकास

### चुनौती तथा अवसर

पोखरा महानगरपालिकामा पूर्वाधार तथा शहरी विकासमा भएका मुख्य चुनौतीहरू यस प्रकार रहेका छन् :

- शहरीकरणको अनुपातमा आवश्यक भौतिक पूर्वाधारहरुको विकास न्यून रहनु ।
- सार्वजनिक तथा व्यक्तिगत जग्गाको अनियन्त्रित खण्डीकरणको साथै अव्यवस्थित भवन निर्माण ।
- सार्वजनिक भवन तथा पूर्वाधारहरु सबै वर्ग (महिला, अशक्त/अपांग, बालबालिका तथा ज्येष्ठ नागरिक) को विशेष आवश्यकतालाई ध्यानमा राखी नबनाइएको ।
- शहरी विकास योजनाको अभाव वा कार्यान्यवनको कमजोरीले गर्दा अव्यवस्थित बस्ती विकास भईरहेको ।

**यसै सन्दर्भमा महानगरपालिकामा उपलब्ध अवसरहरू यस प्रकार छन् :**

- महानगरपालिका बन्दा जोडिएका नगरपालिका तथा गाविसमा व्यवस्थित बस्ती विकास गर्न सकिने ।
- पोखरा गण्डकी प्रदेशको राजधानी तथा उत्तर दक्षिण फैलिएको विकास कोरिडोरको केन्द्र हुनु ।

- महानगरपालिका वरिपरिका बृहत्तर क्षेत्र समेटेर रिङरोड निर्माण भएमा हाल शहर केन्द्रित जनसंख्यालाई पोखराको बाह्य क्षेत्रमा व्यवस्थापन गर्न सकिने ।
- भूगोलको प्राकृतिक भिरालोपनाले गर्दा आकाशे पानीको बहाव व्यवस्थापन तुलनात्मक रुपमा सहज रहेको ।

**लक्ष्य, उद्देश्य तथा रणनीति**

**लक्ष्य** : विश्वव्यापी ढाँचाको (Universal design) अनुसारका पूर्वाधारहरु विकास गरी सहज, सुविधायुक्त, व्यवस्थित, सहभागितामा आधारित स्मार्ट शहर (Smart City) विकास गर्ने ।

**Universal Design (सार्वभौमिक डिजाइन)**




सार्वभौमिक डिजाइन भन्नाले भौतिक वातावरणको यस्तो डिजाइन र रचना हो जहाँ कुनै पनि व्यक्तिको उमेर, आकार, क्षमता वा अक्षमताले रोक नगरीकनै पहुँच पुग्ने, बुझ्न सकिने तथा उपयोग गर्न सकिने हुन्छ । यो कुनै अल्पसंख्यक जनसंख्याका लागि मात्र चाहिने विशेष आवश्यकता होइन ।  यो राम्रो डिजाइन अवधारणाको आधारभूत स्थिति हो । यदि कुनै वातावरण सबैका लागि पहुँचयोग्य, प्रयोगयोग्य र सुविधाजनक छ भने सबै लाभान्वित हुन्छन् ।

स्रोतः *http://universaldesign.ie/What-is-Universal-Design/*

**उद्देश्य तथा रणनीतिः**

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. सरलिकृत र सुविधायुक्त वातावरणमैत्री शहरको विकास गर्ने | रणनीति १. स्थानिय भू-उपयोग नीति निर्माण गरि जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी कार्ययोजना बनाउने । |
| | रणनीति २. अध्ययन, योजना र जोखिम संवेदनशील भू-उपयोग नीतिमा आधारित यातायात एवम् अन्य पूर्वाधारको विकासमा लगानी प्रबर्द्धन गर्ने । |
| | रणनीति ३. व्यवसायिक तथा आवासीय भौतिक संरचना र शहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपायअवलम्बन प्रोत्साहन गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य २. व्यवस्थित र प्रकृतिमैत्री एकीकृत आवास योजना लागू गर्ने | रणनीति १. बस्ती विकास नियमावलीहरूलाई वास्तविक कार्यान्वयन तहमा पुऱ्याई बस्ती विकासको सहज वातावरण तयार गर्ने। |
| | रणनीति २. नयाँ बसोबास क्षेत्र विकासमा शहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुविधाको न्यूनतम मापदण्ड कायम गर्ने। |
| | रणनीति ३. जोखिम संवेदनशील स्थानका वस्तीहरुलाई सुरक्षित स्थानमा एकीकृत वस्ती विकास गरी स्थानान्तरण गर्ने। |
| उद्देश्य ३. नागरिकमैत्री विपद् उत्थानशील शहरी पूर्वाधार विकास गर्ने | रणनीति १. स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा Design Thinking Process अबलम्बन गरी साना सामुदायिक पूर्वाधारहरुको विकास गर्ने। |
| | रणनीति २. पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लीग आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्ने। |
| | रणनीति ३. नगरपालिकाभित्र तथा क्षेत्रीय तहका अन्य पालिकाका प्रमुख यातायात सञ्जाल एवम् खानेपानी, ढल तथा विद्युतको एकीकृत Utility Corridor व्यवस्थापन तथा डिजिटल अनुगमन प्रणालीको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य गर्ने। |

**अपेक्षित उपलब्धि**

पोखरा महानगरपालिकामा निर्माण हुने भौतिक संरचना तथा पूर्वाधारहरू जोखिम संवेदनशील भू-उपयोग योजनामा आधारित, विपद् जोखिम प्रतिरोधी हुनेछन् र सबै वर्गका जनताको लागि उपयुक्त (Universal Design) मापदण्ड पूरा गरेका बस्ती विकास भएको हुनेछ।

## ३.४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

**चुनौती तथा अवसर**

वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको सन्दर्भमा पोखरा महानगरपालिकामा भएका मुख्य चुनौतीहरू यस प्रकार रहेका छन् :

- औद्योगीकरण तथा बढ्दो पेष्ट्रोलियम सवारीको प्रयोगले वायु/ध्वनि, जल प्रदूषण बढ्दै गएको।
- अवैज्ञानिक तवरले खोला/नदीबाट खानीजन्य पदार्थ उत्खनन भइरहेको।
- वातावरण संरक्षणप्रतिको परम्परागत संस्कार/संस्कृतिमा ह्रास आएको।
- भू-गर्भीय जोखिमलाई उपेक्षा गरी जथाभावी भवन निर्माण र वातावरण विनाश भइरहेको।

यसै सन्दर्भमा नगरपालिकामा भएका वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी अवसरहरू यस प्रकार छन् :

- प्रकृतिमा आधारित पर्यापर्यटनको महत्वबारे आम नागरिक जागरुक हुँदै आएको ।
- प्राकृतिक सम्पदा संरक्षणका योजनाहरूको तर्जुमामा महानगरपालिकाले जोड दिइएको ।
- सहभागितामूलक वन संरक्षण तथा व्यवस्थापन अभ्यास भएकोले कार्वन सञ्चिती बढाउन सकिने ।
- जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकासका लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने ।


**लक्ष्य** : नविकरणीय ऊर्जाको उच्चतम उपयोगमार्फत जैविक विविधताले भरिपूर्ण प्रदूषणरहित सुरक्षित शहर निर्माण गर्ने ।

**उद्देश्य तथा रणनीति**

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण गर्ने | **रणनीति** १. वातावरण संवेदनशील क्षेत्रको वरिपरीमध्यवर्ती (buffer) क्षेत्रको प्रावधान लागु गरी प्रकृतिमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्ने । |
| | **रणनीति** २. सामाजिक र सास्कृतिक सभ्यता झल्काउने पार्क तथा खुला स्थलहरूको डिजाइनको न्यूनतम मापदण्ड तयार गरी लागु गर्ने |
| | **रणनीति** ३ः संघीय संरचना अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम तयार गरी लागु गर्ने । |
| उद्देश्य २. फोहोरमैलाको एकीकृत रुपमा समुचित व्यवस्थापन हुने | **रणनीति** १ःनगरपालिकामा उत्पादन हुने सबैखाले फोहोरमैलाको प्रभावकारी र दक्ष रुपमासङ्कलन तथा व्यवस्थापनको लागि नियामकीयसंयन्त्र र कार्यविधि तर्जुमा गरि कार्यान्वयन गर्ने । |
| | **रणनीति** २ः घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुनःप्रयोगमार्फत वृत्ताकार अर्थब्यवस्था (Circular Economy) लाई प्रोत्साहन गर्ने । |
| | **रणनीति** ३. फोहोरमैलाको संकलन तथा व्यवस्थापनमा समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाइने । |
| उद्देश्य ३. वायु-प्रदूषण नियन्त्रणका लागि सवारीसाधन तथा उद्योगमा वातावरणमैत्री प्रविधिको प्रयोग वृद्धि गर्ने । | **रणनीति** १. सघन शहरी विकास र मिश्रित भू-उपयोगको प्रबर्द्धन गरी मोटरचालित (motorized)यातायातको विकल्पमा साइकल र पैदल यात्राको प्रोत्साहन बढाउने । |
| | **रणनीति** २. सार्वजनिक यातायात तथा निजी सवारीमाविद्युतीय साधनको  प्रयोगलाई प्रोत्साहन गर्ने । |
| | **रणनीति** ३. शहरी क्षेत्रका उद्योगहरुलाई निश्चित क्षेत्र (Cluster)मा एकीकृत गरि वातावरण संरक्षण मापदण्ड अनिवार्य रुपमा पालना गराउने संयन्त्रको विकास गर्ने । |

### Design Thinking Process

Design Thinking एक मानव जाति र प्रयोगकर्ता केन्द्रित दृष्टिकोण हो। यसले प्रयोगकर्ताहरूलाई आवाज प्रदान गरी तिनीहरूलाई निर्णय लिने कार्यमा संलग्न गराई पुनरावृत्ति प्रक्रिया अवलम्बन गरी क्रमिक रूपमा परिष्कृत समाधानको खोजी गर्दछ। साथै, यसले कुनै पनि समस्याका विविध परिप्रेक्ष्य तथा कारणहरूलाई ध्यानमा राखी प्रारम्भिक रुपमा समाधानका उपायहरूलाई प्रयोगमा ल्याई परिक्षण पनि गर्दछ। Design thinking प्रक्रियाका पाँच चरण यस प्रकार छन् :




स्रोतः http://financingcities.ifmr.co.in/blog/2014/07/17/a-design-thinking-approach-to-urban-infrastructure-planning/

### अपेक्षित उपलब्धि

- पोखरा महानगरपालिकामा वातावरण संरक्षणसम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ।
- सम्भव भएसम्मका स्थानमा वडामा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ।
- महानगरमा वातावरण संरक्षण र स्वच्छतासम्बन्धी जनचेतना विकास भएको हुनेछ र वायु प्रदूषण हानिकारक तहभन्दा कम रहनेछ।
- प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगका लागि जलवायु अनुकूलन योजना तयार भएर कार्यान्वयन भएको हुनेछ।

### ३.४.४. सामाजिक विकास

**चुनौती तथा अवसरः**

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, संस्कृति, एवम् लैङ्गिक समानता तथा समाजिक समावेशीकरण आदि क्षेत्रहरू पर्दछन् । यसका चुनौतीहरू यस प्रकार छन् :

- सीमित स्रोत, साधनद्वारा सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्‍वसनीयतामा कमी भएको तथा निजी विद्यालय सञ्चालन प्रणालीलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्न नसकिएको ।
- पर्याप्त संख्यामा स्वास्थ्य संस्थाहरू सञ्चालन भएता पनि नागरिकमा आधारभूत स्वास्थ्य सेवा प्रतिको सचेतना र उपयोगकम रहनुका साथै सरकारी अस्पतालबाट विशेषज्ञ, निदानात्मक सेवाहरू उपलब्ध गराउन नसकिएका कारणले नागरिकको स्वास्थ्य सेवामा निजी खर्च बढ्दै गएको ।
- बढ्दो शहरीकरण र बदलिँदो जीवनशैलीको कारण आम नागरिकमा स्वस्थ आहार-व्यवहार (Healthy Food Habit) सम्बन्धि सचेतनामा कमी भएको ।
- युवामा उमेर अनुसारको सम्मान, जिम्मेवारी, रोजगारी, व्यवहारिक र नैतिक शिक्षा एवम् सामाजिक उत्तरदायित्वको बोध गराउन नसकिएको ।
- आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम नभएको ।

**महानगरको सामाजिक क्षेत्रमा रहेका अवसरहरू यस प्रकार छन् :**

- स्थानीय प्राकृतिक स्रोत, साधन तथा रैथाने ज्ञान, सीप र प्रविधिको समुचित उपयोगलाई शिक्षासँग जोड्न प्रचूर सम्भावना भएको ।
- प्राविधिक तथा व्यावसायिक सीपप्रति युवाको आकर्षण रहेको ।
- विदेशिने युवाबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु
- अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशील भई संगठित हुनु

**लक्ष्य** : सर्वसुलभ, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच भएको समावेशी समाजको निर्माण हुनेछ ।

**उद्देश्य तथा रणनीति**

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. सामाजिक, संवेगात्मक, नैतिक दक्षता सहितको नव-प्रवर्तनात्मक, प्रतिस्पर्धात्मक, उत्पादनशील शिक्षा प्रदान गर्ने । | **रणनीति** १ः सामुदायिक विद्यालयहरूलाई सुदृढीकरण गरी राष्ट्रिय स्तरका निजी विद्यालय सरह प्रतिस्पर्धी बनाउने । |
| | **रणनीति** २ः स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्न प्रदेश सरकारसँगको सहकार्यमा विश्‍वविद्यालय र प्राविधिक शिक्षालय सञ्चालन गर्ने । |
| | **रणनीति** ३ः सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू अपाङ्गमैत्री बनाई फरक क्षमतावान नागरिकको उच्च शिक्षा सुनिश्‍चित गर्ने । |

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य २. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने । | **रणनीति** १: सबै उमेरका जनताको लागि विविध सामुदायिक स्वास्थ्य सेवा तथा कार्यक्रमको प्रावधान गर्ने । |
| | **रणनीति** २: निशुल्क आधारभूत स्वास्थ्य सेवा (Universal Health Care) वडा स्तरबाट नै प्रदान गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने । |
| | **रणनीति** ३: प्रदेश तथा संघीय संरचना र निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक (preventive)र उपचारात्मक (curative) सेवा उपलब्ध गराउने । |
| उद्देश्य ३. महानगरभित्रका सबै संरचनाभित्र जनसांख्यिक आधारमा महिला, फरक क्षमतावान व्यक्ति र सीमान्तकृत समुदायको निर्णायक तहमा (३३% महिला सहित) सहभागिता सुनिश्चित गर्ने | **रणनीति** १: महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रबर्द्धन र उच्च मूल्याङ्कन र समान ज्यालाको सुनिश्चिततताका लागि नीतिगत व्यवस्थासहित उनीहरुको आत्मनिर्भरतामा जोड दिने । |
| | **रणनीति** २: सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने । |

**अपेक्षित उपलब्धि**

- आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास भएको हुनेछ ।
- स्वास्थ्य सेवाहरू सेवाग्राहीमुखी तथा नागरिकमैत्री भई सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरेका हुनेछन् ।
- सबै बालबालिकाको लागि आधारभूत शिक्षामा पंहुँच भएको हुनेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारको माग अनुसार व्यावसायिक दक्ष जनशक्ति उपलब्ध भएको हुनेछ ।

## ३.४.५. सुशासन

**चुनौती तथा अवसर**

सुशासनको सम्बन्धमा पोखरा महानगरपालिकामा भएका चुनौतीहरू यस प्रकार रहेका छन् :

- नैतिकता, सदाचारिता तथा कामप्रति जवाफदेहिताको कमी ।
- सरकारी परियोजना र कार्यक्रमहरुमा पारदर्शिताको कमी ।
- महत्वकांक्षी योजना तथा कार्यक्रम अनुसारको स्रोत साधन व्यवस्थापनमा जोड नदिइएको ।
- सांगठनिक संरचना अनुसार जनशक्ति व्यवथापन गर्न नसकिएको ।
- कर्मचारीको कार्यसम्पादन, मूल्यांकन र दण्ड तथा प्रोत्साहन प्रणाली वैज्ञानिक नभएको ।

**सुशासन र संस्थागत विकासमा रहेका अवसरहरू यस प्रकार छन्** :नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने व्यवस्था कानुनमा नै सुनिश्चित ।

- सरकारको काम, कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार भएको ।
- जनताको प्रत्यक्ष सहभागितामा स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयन हुने नीतिगत व्यवस्था ।
- स्थानीय सरकारले आफ्नो क्षेत्रमा कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अधिकार प्राप्त भएको ।

**लक्ष्य** : पारदर्शी, जवाफदेही र सहभागितामूलक सबल प्रशासनमार्फत् आम नागरिकले सहज र गुणस्तरीय सेवा प्राप्त गर्ने ।

**उद्देश्य तथा रणनीति**

| | |
|---|---|
| उद्देश्य १. सार्वजनिक सेवा थप गुणस्तरीय बनाई सबै नागरिकको पहुँचयोग्य बनाउने । | **रणनीति** १: डिजिटल माध्यमबाट नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह गर्न सहभागितामूलक नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| | **रणनीति** २: लैंगिक समानता, सामाजिक समावेशीकरण, तथा प्रविधिको उच्चतम प्रयोग गर्दै महानगरको संस्थागत क्षमता बढाउने । |
| | **रणनीति** २: महानगरका सबै नागरिकको आर्थिक सामाजिक अवस्थाको विवरण संकलन गरी केन्द्रकृत सर्भरमा नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाउने । |
| उद्देश्य २. सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी तुल्याउने । | **रणनीति** १: सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । |
| | **रणनीति** २: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउँदै आम्दानी। खर्चको सार्वजनिक लेखापरीक्षण गर्ने । |
| | **रणनीति** ३: महानगरको आय लेखा प्रणाली (Municipal Income Accounts) विकास गरी नियमित आन्तरिक आय (Domestic Income) अनुमान गर्ने व्यवस्था गर्ने । |
| उद्देश्य ३. कार्यसम्पादनमा आधारित वैज्ञानिक मूल्यांकनमार्फत कर्मचारीलाई कामप्रति उत्तरदायी बनाउने | **रणनीति** १: कार्यविवरण, कार्यभार र जिम्मेवारीको आधारमा कर्मचारीलाई उचित सुविधा प्रदान गर्ने । |
| | **रणनीति** २: कार्यसम्पादन मूल्याङ्कनका आधारमा कर्मचारीलाई पुरस्कार र दण्ड व्यवस्था गर्ने । |
| | **रणनीति** ३: उत्तरदायी, क्षमतावान र प्रविधिमैत्री कर्मचारी संयन्त्रको गर्नुका साथै कर्मचारीमा सदाचार, इमानदारी र नैतिकताको विकास गर्ने । |

**अपेक्षित उपलब्धि**

- आम जनताको सार्वजनिक सेवा र न्यायमा सहज, सरल र मितव्ययी पहुँच कायम भई जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेको हुनेछ।
- जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता, दक्षता र उत्पादकत्व अभिवृद्धि भएको हुनेछ।
- प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ।
- महानगरको सेवा प्रवाहबारे नागरिक सचेतना अभिवृद्धि तथा सशक्तीकरणसम्बन्धी क्रियाकलापमार्फत् सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुने।
- पिछडिएका क्षेत्र, समुदाय र सिमान्तकृत वर्ग पनि विकासको मूलधारमा समाहित भएका हुने छन्।

# ४. आवधिक रणनीतिक कार्ययोजना (२०७७–८२)

माथि प्रस्तुत उद्देश्य तथा रणनीति परिपूर्ति गर्न आगामी पाँच वर्षमा लिइने कार्ययोजना निम्न बमोजिम हुनेछन् ।

## ४.१. आर्थिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. न्यून कार्बन उत्सर्जन हुने पर्यटन, कृषि, उद्योग तथा उत्पादन क्षेत्रबाट पोखराको अर्थतन्त्र वृद्धि गर्ने | रणनीति १ः पर्यटकको संख्या, पर्यटकले गर्ने खर्च तथा पर्यटकको पोखरा बसाई अवधीमा वृद्धि गर्ने | होमस्टे प्रावधान, साँस्कृतिक सम्पदा तथा प्राकृतिक स्रोतको संरक्षण तथा सौन्दर्यीकरण एवम् रमणीय डाँडाहरूमा योगा जस्ता सुविधा आदिको प्रबर्द्धन गरी आतिथ्य पूर्वाधारको गुणस्तर वृद्धिको योजना तयार गरी निश्चित स्थानमा कार्यान्वयन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | पर्यटन व्यवसायी, निजी क्षेत्र |
| | | विमानस्थल एवम् बसपार्कहरूमा पर्यटन सूचना डेस्क स्थापना, स्थानीय तहमा डिजिटल पर्यटन सूचना प्रणाली निर्माण तथा पर्यटन प्रवर्द्धन सम्बन्धि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | पर्यटन परिषद तथा निजी क्षेत्र |
| | | पोखराबाट विभिन्न देशभित्रका र बाहिरका गन्तव्य स्थलहरूमा चौडा र सहज सडकमार्ग तथा हवाई कनेक्टिभिटीबाट पहुँचको सुनिश्चितता गरिनेछ । | आषाढ २०८२ | संघीय सरकार, प्रदेश सरकार | पो.म.पा. |
| | रणनीति २ः कृषि, पशु तथा वनपैदावर व्यवसायलाई मूल्य श्रृंखलामा आधारित व्यवसायीकरण गर्ने । | निजी, सहकारी र महानगरको साझेदारीको मोडेल मार्फत कृषि उपजको उत्पादन, मार्केटिङ्ग र भण्डारण गरिनेछ । | आषाढ २०८० | पो.म.पा | सहकारी तथा निजी क्षेत्र |
| | | व्यावसायिक कृषि, पशुपालन, फलफुल उत्पादनको लागि वित्तीय लगानीमा पहुँच सुनिश्चित गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | पर्यटन प्रबर्द्धनसँग आन्तरिक उत्पादनको मूल्य श्रृंखला जोडिने गरी कृषि उत्पादनलाई प्रोत्साहन गरिनुका साथै एग्रो टुरिज्मको विकास गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | बैंक, सहकारी संस्था तथा होटल व्यवसायी |
| | रणनीति ३ः उत्पादनमूलक उद्योग तथा प्रशोधन व्यवसायलाई वातावरणमैत्री बनाउनुका साथै उत्पादकत्व र उत्पादन वृद्धि गर्ने | बजारको आवश्यकता अनुसार तथा वातावरणीय प्रभावलाई सम्बोधन हुने उद्योगहरूको प्रबर्द्धन गर्न निर्देशिकाहरु बनाई लागू गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | व्यापार व्यवसाय संघ, औद्योगिक क्षेत्र व्यवस्थापन लि. |
| | | कृषिसम्बन्धी उद्योग तथा व्यवसायका लागि लगानी सहजीकरण गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र, बैंक तथा सहकारी संस्था |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य २. समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा गरि विविधिकृत आर्थिक गतिविधि गतिविधिमार्फत दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने। | रणनीति १: विपन्न समुदायलाई लक्षित गरी स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमतर्फ प्रोत्साहन गर्ने। | स्थानीय कच्चा पदार्थमा आधारित एवम् साना, घरेलु तथा लघु उद्योगहरूलाई प्रोत्साहित गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार तथा निजी क्षेत्र |
| | | विपन्न वर्गलाई लक्षित गरी स्थानीय उत्पादनको व्यवसायिकरण व्यापार विस्तारबारे नियमित रुपमा तालिम प्रदान गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |
| | रणनीति २: स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा फलफूल, तरकारी, पशुपालन, डेरी, वनमा आधारित सहकारी प्रबर्द्धन गर्ने र वित्तीय संस्थासँगको पहुँच बढाउँने। | सरकारी सहुलियत, लक्षित वर्गलाई ऋणको व्यवस्था, बिमा नीति जस्ता सुविधाहरूबारे सचेतना अभियान सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | लक्षित समूह केन्द्रित कर्जा सुविधाको सहज विस्तारका लागि ऋणदाताहरूलाई उत्प्रेरक सुविधाको प्रावधान गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | स्थानीय सहकारीहरू वा नगरपालिका आफैले लक्षित समूहलाई प्रत्यक्ष अनुदान वा सहुलियत ऋण सुविधा प्रदान गर्ने संयन्त्र तयार गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | रणनीति ३: युवालाई सूचना प्रविधि (ICT) र कृत्रिम बौद्धिकता (AI) को माध्यमबाट नवप्रवर्तनात्मक (Innovative) नवउद्यम (startups) तर्फ प्रोत्साहन गर्ने। | नवप्रवर्तनात्मक उद्योग र व्यवसाय स्थापनासम्बन्धी इन्टरनेटमा आधारित सूचना पोर्टल स्थापना गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |
| | | नवप्रवर्तनात्मक व्यवसाय मेला प्रत्येक दुई वर्षमा आयोजना गरिनेछ। | पौष २०७७ | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |
| | | व्यापार व्यवसाय गर्न mobile app तथा e-commerce प्रणालीहरूको प्रयोग गर्न प्रोत्साहन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य ३. महा नगरमालाई आधुनिक र व्यवस्थित पूर्वाधारसहित कृषि, उद्योग र पर्यटनको अन्तर आवद्धता बढाउने। | रणनीति १ः कृषि, पशुपालनको बजारीकरणको लागि आवश्यक पूर्वाधारको ब्यबस्था गर्ने। | कृषि उत्पादन र बजारलाई जोड्नका लागि ग्रामीण सडक, रोपवे तथा यस्तै अन्य नवप्रवर्तनात्मक पूर्वाधारहरूको विकास गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार र निजी क्षेत्र |
| | | कृषि उपजको व्यापार सुनिश्चित गर्न विभिन्न स्थानमा हाट बजारको सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा., वडा | उद्योग वाणिज्य संघहरु |
| | | कृषि तथा वन्य उपजहरूका लागि शीत भण्डारण, होलसेल तथा खुद्रा संकलन केन्द्र स्थापना गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार निजी क्षेत्र |
| | रणनीति २ः विद्यमान औद्योगिक क्षेत्रको समुचित ब्यबस्थापनका साथै सार्वजनिक तथा निजी क्षेत्रसँगको साझेदारी नयाँ औद्योगिक क्षेत्रको विकास गरिने छ। | प्रदूषणरहित उद्योग निर्माण गर्न नीति, नियमावली तथा संयन्त्र तयार गरी लागू गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार निजी क्षेत्र |
| | | गुणस्तरीय मानव संशाधन उत्पादनका लागि प्राविधिक संस्थाहरूको स्थापना, सहयोग र प्रबर्द्धन गरिनेछ। | आषाढ २०७८ | संघीय सरकार, प्रदेश सरकार | पो.म.पा. र निजी क्षेत्र |
| | | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकताकाआधारमा औद्योगिक क्षेत्रमा पहुँच र प्रोत्साहन दिइनेछ। | हरेक आ.व. | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |
| | रणनीति ३ः पर्यापर्यटन विकासका लागि आवश्यक पूर्वाधारको विकास तथा विस्तार गर्ने। | हाइकिङ्ग, रक क्लाइम्बिङ्ग, ष्ट्रेकिङ्ग, साइकल यात्रा, चरा अवलोकन आदि गतिविधिहरूका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहान गरिनेछ। | आषाढ २०८० | पर्यटन व्यवसायी, निजी क्षेत्र | पो.म.पा. |
| | | सार्वजनिक स्थल तथा सामुदायिक वनहरुमा पिकनिक स्थल तथा वनस्पति बगैंचा स्थापना गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | पर्यटन परिषद, नीजि क्षेत्र |
| | | तालहरूको संरक्षणलाई ध्यानमा राखी हानिकारक प्रभाव नहुने गरी पर्यटनको प्रबर्द्धन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | पर्यटन परिषद, निजी क्षेत्र |

## ४.२. पूर्वाधार तथा शहरी विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सुन्दर, सुरक्षित र आधुनिक सुविधायुक्त वातावरणमैत्री शहरीकरणको विकास गर्ने | रणनीति १ः स्थानिय भू-उपयोग नीति निर्माण गरि जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी कार्ययोजना बनाउने । | भू-उपयोग नीति अनुसार नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ संस्थाहरु |
| | | जोखिम संवेदनशील भू-उपयोग योजना अनुसारका विभिन्न भू-उपयोग क्षेत्रका लागि बस्ती विकास तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागू गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ संस्थाहरु |
| | | तोकिएको भू-उपयोग क्षेत्रको पालना गराउन पुरस्कार र दण्ड जरिवानासहितको नीति बनाई कार्यान्वयन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | रणनीति २ः यातायात एवम् अन्य पूर्वाधारको अध्ययन तथा योजनामा आधारित भू-उपयोग र पूर्वाधार विकासमा लगानी प्रबर्द्धन गर्ने । | प्रत्येक बस्तीमा आवास, विद्यालय, मनोरञ्जनका स्थानहरू तथा बजारहरू जस्ता सुविधायुक्त मिश्रित भू-उपयोगको प्रबर्द्धन गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | निर्धारित भू-उपयोगको आधारमा पूर्वाधार तथा विकास योजनाको मूल्याङ्कन गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | महानगरपालिकाले उद्योग तथा व्यवसाय जस्ता निजी क्षेत्रसँग सहकार्य गरी दक्ष पूर्वाधार निर्माणमा लगानी गर्नेछ । | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र |
| | रणनीति ३ः भौतिक संरचना तथा पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपायहरू अवलम्बन गर्ने । | भौतिक पूर्वाधारको क्षमता तथा समस्याहरूका बारेमा नियमित रुपमा समीक्षा गरी सडक, ढल र खानेपानीलाई व्यवस्थित बनाइनेछ । | हरेक आ.व. | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | भवन निर्माण तथा भौतिक पूर्वाधारलाई विपद् जोखिम प्रतिरोधात्मक बनाउन मापदण्ड तर्जुमा गरी लागू गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | निर्माण भइसकेका भवनहरुको मापदण्ड तथा भवन आचारसंहिता पालना भए नभएको मूल्याङ्कन गरी कार्यदिशा तय गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य २. व्यवस्थित र वातावरण मैत्री आवास योजना लागू गर्ने | रणनीति १: बस्ती विकास नियमावलीहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपांगमैत्री व्यवस्थित बस्ती विकासको सहज वातावरण तयार गर्ने। | विभिन्न आय समूहलाई सुलभ बसोबासको प्रावधान हुने गरी भू-उपयोग नीति तथा विकास रणनीति तर्जुमा गरी लागू गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | मध्य तथा उच्च घनत्वका बस्ती विकास गर्नका लागि योजना तर्जुमा र लगानी निर्णयको समन्वय गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार र निजी क्षेत्र |
| | | साविक लेखनाथ न.पा. तथा वस्ती विकासका सम्भव्य अन्य स्थानहरुको पहिचान गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | भवन विभाग, स्थानीय सामुदायिक संघ संस्थाहरु |
| | रणनीति २: नयाँ बसोबास क्षेत्र विकासमा शहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुविधाको न्यूनतम मापदण्ड कायम गर्ने। | महानगरपालिकाको विभिन्न क्षेत्रको भौतिक चरित्रलाई विषमता नहुने गरी भवन निर्माण तथा शहरी डिजाइन (urban design) मापदण्ड तर्जुमा गरी लागू गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | भवन विभाग, स्थानीय सामुदायिक संघ संस्थाहरु |
| | | नयाँ बस्ती विकास क्षेत्रमा अनिवार्य रुपमा खुला क्षेत्र र सुन्दर प्राकृतिक दृश्य (landscaped areas)का क्षेत्रहरूको प्रावधान गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र स्थानीय सामुदायिक संघ, संस्थाहरु |
| | रणनीति ३: जोखिम संवेदनशील स्थानका बस्तीहरूका लागि सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गर्ने। | सुलभ बसोबास निर्माणका लागि विभिन्न निजी  तथा गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | निजी क्षेत्र तथा गैससं |
| | | सामुदायिक भूमि बैंक  (Land Bank)को सम्भाव्यतालाई मध्यनजर राखी जोखिम संवेदनशील क्षेत्रमा रहेका बस्तीको स्थानान्तरण गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | गैर सरकारी संस्था, निजी क्षेत्र र सामुदायिक संघ, संस्थाहरु |
| | | पोखराको विद्यमान भौगर्भिक अवस्थाको सूक्ष्म प्राविधिक अध्ययन गरी (Micro Zonation) गरी त्यस्ता स्थानमा निर्माणका गतिविधिलाई नियमन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | भौगर्भिक अध्ययन संस्था र सामुदायिक संघ, संस्थाहरु |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य ३. सबै नागरिकमैत्री उत्थानशील पूर्वाधारको विकास गर्ने | रणनीति १ः स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको आधारमा design thinking process अबलम्बन गरी पूर्वाधार हरूको विकास गर्ने। | पूर्वाधार विकास योजना तर्जुमाको क्रममा स्थानीय समुदायको अवधारणा तथा सुझाव सङ्कलन गर्ने संयन्त्र तयार गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय |
| | | वडागत योजना तर्जुमाको क्रममा स्थानीय भौतिक चरित्र, समुदायका आवश्यकता तथा उचित परिवर्तनलाई आधार मानी स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ। | हरेक आ.व. | वडाहरू | टोल विकास संस्था, सामुदायिक समूहहरू |
| | रणनीति २ः पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड अवलम्बन गर्ने। | पूर्वाधार निर्माणको लागि सबै वर्गका समूह (ज्येष्ठ नागरिक, बालबालिका, महिला, अशक्त आदि) मैत्री मापदण्ड (universal design guidelines) तर्जुमा गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | नेपाल इन्जिनियर्स संघ (स्थानीय) |
| | | महानगरपालिकाले निजी क्षेत्र, नागरिक समाज तथा विज्ञहरूसँग सहकार्य गरी नयाँ तथा पुनःस्थापित पूर्वाधारहरूका लागि उचित प्राविधिक विशेषज्ञतामा पहुँच बढाइनेछ। | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र, नागरिक समाज र नेपाल इन्जिनियर्स संघ (स्थानीय) |
| | रणनीति ३ः नगरपालिकाभित्र तथा अन्तर क्षेत्रीय तहमा प्रमुख यातायात सञ्जाल एवम् खानेपानी, ढल तथा विद्युतको utility corridor व्यवस्थापन तथा डिजिटल अनुगमन प्रणालीको व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य गर्ने। | रणनीतिक सडक सञ्जाल तथा utility corridor को व्यवस्थापनका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | संघीय सरकार |
| | | प्रदेश सरकारको हकमा रहेका सडक तथा पूर्वाधार निर्माण र मर्मत सम्भारमा महानगरपालिकाले समन्वय गर्नेछ। | आषाढ २०७९ | प्रदेश सरकार | पो.म.पा. |
| | | उच्च प्राथमिकतामा रहेका भौतिक पूर्वाधारहरूको शीघ्र सुधार, सम्भार र साथै पूर्वाधारहरूको डिजिटल अनुगमन प्रणाली स्थापनाका लागि प्रदेश सरकारसँग सहयोग लिइनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |

## ४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. वातावरणप्रति संवेदनशील समाजको निर्माण गरिने | रणनीति १: वातावरण संवेदनशील क्षेत्रको वरिपरि मध्यवर्ती (buffer) क्षेत्रको प्रावधान गरी प्रकृतिमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने | ताल क्षेत्रहरूको वरिपरि उचित न्यूनतम buffer मापदण्ड निर्धारण गरी अनिवार्य लागू गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | | सामुदायिक वनको हकमा वन तथा वातावरण मन्त्रालयको मापदण्ड अनुसारको buffer कायम गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | सामुदायिक संघ, संस्थाहरु |
| | | प्राकृतिक संरक्षण क्षेत्रमा पर्यावरणमा न्यून प्रभाव हुने खालका मानवीय उपयोग (human use)को मात्र अनुमति दिइनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: सामाजिक सभ्यता झल्काउने पार्क तथा खुला स्थलहरूको डिजाइनको न्यूनतम मापदण्ड तयार गरी लागु गर्ने | पार्क तथा खुला स्थलसम्बन्धी मापदण्ड र म्यानुअल तयार गरी सार्वजनिक गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | सञ्चार क्षेत्र |
| | | महानगरपालिकाले शैक्षिक संस्थाहरूलाई आफ्नो आँगनमा अनिवार्य हरित क्षेत्रको व्यवस्थापन गर्नमा सहजीकरण गर्नेछ। | आषाढ २०८० | पो.म.पा. | शैक्षिक संस्थाहरू |
| | | औद्योगिक तथा व्यावसायिक क्षेत्रमा पर्यावरणीय पार्कहरूको विकासमा सहजीकरण गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | उद्योग वाणिज्य संघहरु |
| | | शहरका विभिन्न प्लाजा तथा घरघरमा आँगनमा वृक्षारोपण तथा हरित स्थलहरू विकास गर्नका लागि प्रोत्साहन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | निजी क्षेत्र, सामुदायिक संस्था |
| | रणनीति ३: संघीय संरचना अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम तयार गरी लागू गर्ने | पर्याप्रणालीका लागि रणनीतिक क्षेत्र तथा कोरिडोरहरूको पहिचान गरी संरक्षण गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | जैविक विविधता तथा जलस्रोतहरूमा हानी गर्ने आक्रामक प्रजातिहरूको नियमन तथा व्यवस्थापन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य २. फोहोरमैलाको एकीकृत रुपमा समुचित व्यवस्थापन गर्ने | रणनीति १: प्रभावकारी तथा दक्ष रुपमा फोहोरमैलाको सङ्कलन र व्यवस्थापनका नियामक कार्यान्वयन गर्ने | नगरपालिकाका सबै वडामा फोहोरमैला संकलनको व्यवस्था गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र |
| | | स्यानिटरी ल्यान्डफिल साइटको लागि नयाँ स्थान पहिचान गरी निर्माण गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र |
| | | रिसाइकल र कम्पोस्ट सेवाहरू प्रदान गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र |
| | रणनीति २: घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुनःप्रयोग मार्फत वृत्ताकार अर्थव्यवस्था (Circular Economy)लाई प्रोत्साहन गर्ने | सबै घर र संस्थामा फोहोरको reduce, reuse, recycle / recover सिद्धान्तका बारेमा सचेत गराइनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक तथा सामुदयिक संस्थाहरु |
| | | पुरानो डम्पिङ साइटमा क्यापिङ र वृक्षारोपण गरी पुनर्स्थापना गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | निजी क्षेत्र तथा सामुदयिक संस्थाहरु |
| | | निजी क्षेत्रसँगको सहकार्य र सहलगानीमा शहरी क्षेत्रको फोहोर मैलाबाट बायो ग्याँस, प्रांगारिक मल तथा पेष्ट्रोलियम पदार्थ निकाल्न सम्भव क्षेत्रहरू पहिचान गरी निर्माण कार्य अगाडि बढाइनेछ। | आषाढ २०८२ | पो.म.पा. | निजी क्षेत्र तथा सामुदयिक संस्थाहरु |
| | रणनीति ३: फोहोरमैलाको निष्कासन तथा व्यवस्थापनमा समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाउने | विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी तालिमहरू सञ्चालन गरी जागरूकता बढाइनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक संस्था तथा सञ्चार क्षेत्र |
| | | सार्वजनिक सचेतना तथा शैक्षिक गतिविधिको लागि सचेतना सामग्री, पत्रिका प्रकाशन, सामुदायिक छलफल कार्यक्रम आदि नियमित रुपमा सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | विश्वविद्यालय, निजी तथा सञ्चार क्षेत्र |
| | | नमूना आधारमा वडा स्तरीय वातावरण संरक्षण समिति गठन र परिचालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | वडा तथा सामुदयिक संस्थाहरु |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य ३. वायु-प्रदूषण नियन्त्रणका लागि सवारीसाधन तथा उद्योगमा वातावरणमैत्री प्रविधिको प्रयोग गर्ने | रणनीति १: सघन शहरी विकास र मिश्रित भू-उपयोगको प्रबर्द्धन गरी मोटर चालित (motorized) यातायातको विकल्पमा साइकल र पैदल यात्राको प्रोत्साहन बढाउने | भू-उपयोग योजना तर्जुमाको क्रममा सघन तथा मिश्रित बस्ती विकासको प्रबर्द्धन गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | वडा तथा सामुदयिक संस्थाहरु |
| | | प्रमुख शहरी केन्द्रहरूमा साइकल यात्रा सञ्जालको पहिचान र कार्यान्वयन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | सामुदयिक संस्थाहरु |
| | | शहरी क्षेत्रहरूको पैदल यात्रा (walkability) सुधार गरी सुरक्षित पैदल आवागमनको प्रबर्द्धन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | सामुदयिक संस्थाहरु |
| | रणनीति २: विद्युतीय सार्वजनिक यातायात तथा निजी सवारी साधनहरूलाई प्रोत्साहन गर्ने | सार्वजनिक यातायात व्यवसायीहरूलाई विद्युतीय यातायात साधनको खरिदमा सहुलियत प्रदान गरी सहजीकरण गरिनेछ। | आषाढ २०७९ | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय | पो.म.पा. र निजी क्षेत्र |
| | | महानगरपालिकाको विभिन्न स्थानहरूमा विद्युतीय यातायात साधनको चार्जिङ स्टेशन स्थापना गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय र निजी क्षेत्र |
| | रणनीति ३: उद्योगहरूलाई वातावरण मापदण्ड अनिवार्य रुपमा पालना गराउने संयन्त्र विकास गर्ने। | प्रदेश सरकारको सहयोगमा प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने (Polluters Pay) संयन्त्र तयार गरी लागू गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार र उद्योग वाणिज्य संघहरु |
| | | वातावरण मापदण्ड उल्लुन गर्ने उद्योग व्यवसायहरूलाई कडा कारवाही गरी दण्ड दिने संयन्त्र तयार गरी लागू गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार र उद्योग वाणिज्य संघहरु |

## ४.४. सामाजिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सामाजिक, संवेगात्मक,नैतिक दक्षतासहितको नव-प्रवर्तनात्मक, प्रतिस्पर्धात्मक, उत्पादनशील शिक्षा प्रदान गर्ने | रणनीति १: सामुदायिक विद्यालयहरूलाई सुदृढीकरण गरी राष्ट्रिय स्तरका निजी विद्यालयसरह प्रतिस्पर्धी बनाउने । | माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको विस्तार, सञ्चालित विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार, निजी क्षेत्र र शैक्षिक संस्था तथा सञ्चार क्षेत्र |
| | | माध्यमिक विद्यालयका ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडिवुटी र पेशा व्यवसाय जस्ता विषय समावेश गर्ने गरी पाठ्यक्रम तर्जुमा गर्न वैधानिक संयन्त्र निर्माण गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | प्रदेश सरकार |
| | | सामुदायिक विद्यालयहरुलाई उत्कृष्ट व्यवस्थापन भएका निजी विद्यालयहरुसँग मितेरी लगाइनेछ । | बैशाष २०७८ | पो.म.पा. | निजी विद्यालय |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई सम्बोधन गर्ने जनशक्ति उत्पादन गर्न महानगरद्वारा प्राविधिक विद्यालय सञ्चालन गर्ने । | बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक विषयको पढाइ सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र तथा शैक्षिक संस्था |
| | | विभिन्न प्रकारका शैक्षिक एवम् क्षमता विकाससम्बन्धी सेवा प्रवाहका लागि दूर तथा खुला शिक्षा प्रणालीको संरचना स्थापित गरि अथवा मौजुदा संरचनालाई सुव्यवस्थित गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र तथा शैक्षिक संस्था |
| | रणनीति ३: सबै विद्यालय तथा सरकारी एवम् सामाजिक संघसंस्थाहरू अपांगमैत्री बनाउने र क्षमता अनुसारको उच्च शिक्षा सुनिश्चित गर्ने । | सामुदायिक, संस्थागत लगायत सवै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । | आषाढ २०७८ | प्रदेश सरकार | पो.म.पा. |
| | | विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य २. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने | रणनीति १ः सबै उमेरका जनताका लागि विविध सामुदायिक सेवा तथा कार्यक्रमको प्रावधान गर्ने । | सक्रिय जीवनयापन, मानसिक स्वास्थ्य र स्वस्थ्य जीवन शैली प्रबर्द्धन गर्न सामाजिक अभियान लागू गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | स्वास्थ्य संस्थाहरू |
| | | स्वस्थ्य आहारसम्बन्धी वडागत चेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ। | हरेक आ.व. | वडा | पो.म.पा. र सञ्चार क्षेत्र |
| | | सामुदायिक पार्कहरूमा सबै उमेरका मानिसलाई हुने व्यायामका उपकरणहरूको व्यवस्था गरी खुला व्यायामशालालाई प्रबर्द्धन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | वडा, टोल विकास संस्थाहरू |
| | रणनीति २ः निशुल्क आधारभूत स्वास्थ्य सेवा वडा स्तरबाट नै प्रदान गर्ने | ग्रामीण वडाहरूमा सामुदायिक स्वास्थ्य केन्द्रहरू स्थापना गरिनेछ। | आषाढ २०७८ | वडा | पो.म.पा. |
| | | वडा स्तरमा विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रम सञ्चालन गरिनेछ। | हरेक आ.व. | वडा | पो.म.पा. |
| | रणनीति ३ः प्रदेश, संघीय संरचना तथा निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक (preventive)र उपचारात्मक (curative) सेवा उपलब्ध गराउने | विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवालाई बिमामार्फत् उपलब्ध गराइनेछ। | आषाढ २०८० | पो.म.पा. | स्वास्थ्य संस्थाहरू, संघीय सरकार |
| | | प्रदेश तहसँगको सहकार्यमा एक आयुर्वेद केन्को स्थापना तथा सञ्चालन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | जीवाणुबाट हुन सक्ने महामारी फैलनबाट रोक्न आवश्यक नीति, नियम, निर्देशिका तयार गर्नुका साथै निरोधात्मक बन्दोबस्तीका उपकरण, सामान तथा मानव संशाधनको प्रबन्ध गरिनेछ। | हरेक आ.ब. | पो.म.पा. | प्रदेश सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय सीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य ३. पोखरा महानगरपालिका भित्रका सबै संरचनाभित्र जनसांख्यिक आधारमा महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको निर्णायक तहमा (३३% महिला सहित) सहभागिता सुनिश्चित गर्ने | रणनीति १ः महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रबर्द्धन र उच्च मूल्याङ्कन र समान ज्यालाको सुनिश्चिततासहित आत्मनिर्भरतामा जोड दिने | महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | नगरपालिकामा हुने सबै किसिमका सर्भेक्षण तथा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था गरी महिलाको अवस्थासम्बन्धी प्रतिवेदन तयार गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | सामुदायिक तथा गैरसरकारी संघ, संस्थाहरु |
| | | महिला विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई महिलाहरूका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारका क्षेत्रमा परिचालन गर्ने वातावरण सृजना गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | प्रदेश सरकार सामुदायिक तथा गैरसरकारी संघ, संस्थाहरु |
| | रणनीति २ः सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने | अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरूलाई आत्मनिर्भर बनाइनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | आम सूचना, सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था क्रमशः गर्दै लगिनेछ। | हरेक आ.व. | पो.म.पा. | प्रदेश सरकार सञ्चार क्षेत्र |

## ४.५. संस्थागत विकास तथा सुशासन

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सार्वजनिक सेवा गुणस्तरीय र पहुँचयोग्य बनाउनु | रणनीति १ः नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह तथा सहभागितामूलक नीति, योजना निर्माण तथा कार्यान्वयन गर्ने । | कुनै पनि नयाँ नीति, योजना निर्माणको क्रममा जनसहभागिता सुनिश्चित गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | | नागरिकलाई प्रदान गरिने महानगरीय सेवा बारेको जानकारी तथा कार्यान्वयन बारेका श्रव्यदृश्य सामग्रीहरु सामाजिक सञ्जाल वा अन्य प्रभावकारी माध्यमबाट प्रवाह गराउने नीति लिइनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति २ः लैंङ्गिक समानता तथासमावेशीकरणको प्रभावकारिता अभिवृद्धिको लागि संस्थागत क्षमता बढाउने । | सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | लैङ्गिक समानता तथा समावेशीकरण प्रभावकारिता अभिबृद्धिको लागि निजी तथा गैसससँग सहकार्य गरी विस्तृत कार्यक्रमको रुपरेखा तय गरिनेछ । | | पो.म.पा. | |
| | | सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन (E-Governance) अवलम्बन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | रणनीति ३ः सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन सामाजिक उत्तरदायित्वका औजारहरु निर्माण गरी कार्यान्वयनमा लैजाने | जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) सम्पन्न गरी विद्यमान संगठन संरचनामा परिमार्जन गरिनेछ । दण्ड सजाय र पुरस्कार तथा उत्प्रेरणाको व्यवस्था गरी कर्मचारीको क्षमता बृद्दि गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | सार्वजनिक सुनुवाई, सार्वजनिक  लेखा परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन, क्षतिपूर्तिसम्बन्धमा आवश्यक कार्यक्रमहरु तयार गरी संस्थागत गरिनेछ । | | | |
| | | नगरपालिका कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यहरु जस्तै तालिम, सिकाई तथा अनुभव आदानप्रदान, अभिमुखीकरण आदि नियमित रुपमा सञ्चालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य २. सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ, पारदर्शी र अनुमानयोग्य बनाई प्रभावकारी तुल्याउने | रणनीति १ः सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | खरिद प्रक्रियामा पारदर्शिता कायम राख्न e-tenderingप्रणाली, परामर्शदाताको database आदिको विकास गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | रणनीति २ः आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | आम्दानी खर्चको सार्वजनिक लेखापरीक्षण गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | | आर्थिक प्रशासनसम्बन्धी सफ्टवेयर जडान तथा प्रयोगबारे तालिम दिइनेछ। (वडा, नगरपालिका लगायत अन्य विषयगत शाखा तथा सरकारी कार्यालयहरूमा) | हरेक आ.व. | पो.म.पा. | |
| उद्देश्य ३. कार्यसम्पादनमा आधारित वैज्ञानिक मूल्यांकनमार्फत कर्मचारीलाई कामप्रति उत्तरदायी बनाउने | रणनीति १ः कार्यविवरण, कार्यभार र जिम्मेवारीको आधारमा कर्मचारीलाई उचित सुविधा प्रदान गर्ने । | कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि अध्ययन भ्रमण तथा तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | | कर्मचारीहरुको कार्यविवरण तयार गरी सम्पूर्ण कर्मचारीलाई उपलब्ध गराई सोको आधारमा कर्मचारीहरुको मूल्यांकन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति २ः कार्यसम्पादन मूल्याङ्कनका आधारमा कर्मचारीलाई पुरस्कार र दण्ड व्यवस्था गर्ने । | प्रभावकारी कार्य सम्पादन र सेवा प्रदानको लागि कर्मचारी सेवा विनियमावलीमा आवश्यक संशोधन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | | कर्मचारीलाई कार्यसम्पादनमा प्रोत्साहित गर्न कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति ३ः उत्तरदायी, क्षमतावान र प्रविधिमैत्री कर्मचारी संयन्त्रको विकास गर्नुका साथै कर्मचारीमा सदाचार, इमानदारी र नैतिकताको विकास गर्ने । | कर्मचारीतन्त्रलाई कार्यसम्पादनमा सक्षम, उत्प्रेरित र जवाफदेही बनाउन आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | | नीति तथा कानून निर्माण प्रक्रियामा सरोकारवालाको व्यापक सहभागिता सुनिश्चित गर्दै कानुनको कार्यान्वयन एवम् पालनामा नागरिकको सहयोगात्मक सहभागिता जुटाउन सम्बद्ध पक्षको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | | कर्मचारीलाई आ-आफ्नो व्यावसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाहका निम्ति प्रेरित गर्न आवश्यक उत्प्रेरक (incentives) तथा दण्ड-सजाय (disincentives) गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |

# ५. प्रस्तावित आर्थिक उत्थानशीलता कार्यक्रम/आयोजनाहरु

पोखरा महानगरपालिकाको दिगो र सन्तुलित विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ । दीर्घकालीन महत्व राख्ने योजनाहरु सरकारको लगानीले मात्र सम्भव नहुने, सञ्चालन र व्यवस्थापकीय पक्षमा समेत निजी क्षेत्रको सहभागिताले प्रभावकारिता हुने व्यवहारले पुष्टि गरेको र सरकारको नीतिमै साझेदारीलाई प्राथमिकता दिने व्यवस्था भएकाले उल्लिखित दीर्घकालीन योजनाहरू सञ्चालनका लागि नगरपालिकाले कानुनी, व्यवस्थापकीय पक्षमा ध्यान दिन थाल्नु जरुरी छ । दीर्घकालीन योजनाहरुको सञ्चालनका लागि सम्बन्धित पक्षहरुसँग छलफल, बहस, वकालत र पैरवीको थालनी र आवश्यक लगानीको तयारी गर्नुपर्दछ । यस सन्दर्भमा महानगरपालिकाको आर्थिक उत्थानशीलताका लागि प्रस्तावित कार्यक्रम/ आयोजनाहरू यस प्रकार रहेका छन् ः

**सडक तथा यातायात**

- पृथ्वीचोक अन्डर र ओभर पास
- पोखरा उपत्यका बृहत चक्रपथ
- नवलपुर–पोखरा द्रुत सुरुङ मार्ग
- सात ताल कनेक्टिभिटी पैदल मार्ग
- लेखनाथमा साइकल लेन
- दोबिल्ला सुरौंदी सुरुङमार्ग
- सेती नदी कोरिडोरमा पैदल मार्ग
- कोत्रे-बागमारा-दोबिल्ला-बिरौटा सडक
- विजयपुर वीपी मार्ग, मियापाटन, गैडाको मुख, नारायणथान बागलुङ राजमार्ग
- गगनगौडा रिठेपानी डहरेसाँघु सडक
- बहु सुविधायुक्त क्षेत्रीय बसपार्क
- फिर्के खोला करिडोर विकास परियोजना
- छोरेपाटनदेखि शान्ति स्तुपा हुँदै पुम्दीकोट भ्यू टावरसम्म केबलकार निर्माण
- तातोपानी-माछापुच्छ्रे गाँउपालिका-अन्नपूर्ण गाँउपालिका पैदल मार्ग
- बेगनास तालदेखि फेवातालसम्म साइकल पथ
- महेन्द्र गुफादेखि गुप्तेश्वर गुफासम्म साइकल पथ
- सेती नदी करिडोर विकास परियोजना

**फोहोरमैला व्यवस्थापन**

- सुरौँदीमा ल्याण्डफिल साइट
- मूल शहरी क्षेत्रमा फोहोरमैला स्थानान्तरण केन्द्र

**भवन निर्माण तथा अन्य परियोजना**

- महानगर स्तरीय शहीद स्मृति पार्क
- बहुउपयोगी नगर सभा हल
- गुप्तेश्वर गुफा र डेबिड फल्समा पूर्वाधार विकास
- हेम्जामा कृषि उपज वितरण र भण्डारणका लागि बहु उपयोगी शीत भण्डार
- शहरी क्षेत्रमा व्यावसायिक तथा कृषि भवन
- कृषि, वन, सूचना प्रविधि, पर्यटनसम्बन्धी निजी कलेज
- पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको उचित व्यवस्थापन
- सुविधायुक्त मातृत्व अस्पताल
- सूचना प्रविधिमा आधारित स्मार्ट सेफगार्ड क्षेत्र निर्माण
- क्षेत्रीय स्तरको सांस्कृतिक संग्रहालय
- बाराही, विन्ध्यवासिनी, भद्रकाली, अकला आदि धार्मिक स्थलको एकीकृत विकास गुरुयोजना
- पोखरा र लेखनाथको विभिन्न क्षेत्रमा सुविधायुक्त रंगशाला र व्यायामशाला
- पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
- महिला, बालबालिका, अपाङ तथा अशक्तका लागि प्रशिक्षण केन्द्र
- कृषि भण्डारण तथा पशु बधशाला
- ठूलाकोट पर्यटन गन्तव्य परियोजना
- फरेस्ट्री कलेज
- शहरको विभिन्न स्थानमा बाल उद्यान
- खास्टे न्युरेनी ताल संरक्षण
- दिपाङ ताल संरक्षण

# ६. आगामी कार्यदिशा

यो आवधिक रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि विद्यमान संस्थागत व्यवस्थामा आवश्यकता अनुसार सुधार र अद्यावधिक गर्दै जानुपर्ने देखिएको छ। वि.सं. २०७२ मा नयाँ संविधानको घोषणासँगै देशमा संघीय शासन व्यवस्थाको सूत्रपात भएपछि संविधान तथा विभिन्न ऐन कानून (मूलतः स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, कर्मचारी समायोजन ऐन, २०७४ का साथै तर्जमामा रहेको अन्तरसरकारी सम्बन्ध व्यवस्थापन सम्बन्धी विधेयक आदि) ले निर्धारण गरेको पोखरा महानगरपालिकाको जिम्मेवारी, कार्य र उत्तरदायित्वको कुशलतापूर्वक सम्पादन र आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि महानगरपालिकाको संगठनात्मक स्वरुप र कार्यशैलीमा समयानुकूल सुधार गर्नु अति जरुरी देखिन्छ। यसका लागि निर्दिष्ट जिम्मेवारी र वर्तमान दक्षता एवं कार्यबोझको अध्ययन गरी त्यसका आधारमा सुधार प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ। पोखरा महानगरपालिकाको ध्यान यी सबै कुरातर्फ गएको छ र यी काम क्रमशः पूरा गरिनेछन्।

प्रस्तुत पोखरा २१०० तथा रणनीतिक कार्ययोजनाले संघीय तथा प्रादेशिक नीतिगत दस्तावेजहरुले निर्दिष्ट गरेका बुँदाहरुका अधीनमा रहेर पोखरा महानगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्न सहजता प्रदान गर्नेछ। आगामी केही वर्षसम्म सुदृढ परियोजनाले महानगरपालिकालाई प्रदेश सरकार, संघीय सरकार तथा अन्य गैर सरकारी संस्था (निजी क्षेत्र, सामाजिक संघ संस्थाहरू) सँग सहकार्य गर्नका लागि साझेदारी निर्माण तथा रणनीति कार्यान्वयनमा मा सहयोग पुर्‍याउन सक्छ। नगरपालिकास्तरीय विभिन्न क्षेत्रगत परिसूचकहरुको अभावमा हाललाई महानगरको आर्थिक सामाजिक अवस्थाको आधाररेखा (baseline) निर्धारण र परिमाणात्मक लक्ष्यहरु तय गर्न सकिएको छैन। आगामी वर्षमा महानगरको घरधुरी, ब्यवसाय आदिको आधारभूत तथ्यांक संकलन गरि उपलव्ध तथ्यका आधारमा परिमाणात्मक परिसूचकहरु निर्धारण गरेर आगामी २० वर्षका क्षेत्रगत लक्ष्यहरु तोकेर अगाडी बढीनेछ। सुदृढ परियोजना लगायत अन्य विकास साझेदारहरुसँगको सहयोग र सहकार्य लाई यस दिशामा अघि बढ्ने क्रममा उच्चतम उपयोग गरिने छ।

पोखरा महानगरपालिकाले हालै शहरी योजना आयोग गठन गरी केही विषयविज्ञहरु समेत मनोनयन गरिसकेको छ। अब आयोगको नेतृत्वमा अन्य विकास साझेदार र परियोजनाहरु समेत मिली प्रस्तुत पोखरा २१०० तथा रणनीतिक योजनाको जगमा टेकेर महानगरको योजनाबद्ध विकास प्रयासलाई थप सशक्त र वृहत बनाइनेछ। यसै क्रममा आफ्नो पहिलो आवधिक योजनाको निर्माण गरी सोको प्रभावकारी कार्यान्वयनका लागि पोखरा महानगरपालिका प्रतिबद्धता समेत व्यक्त गर्दछ।



